अध्यक्ष श्री पार्वती सुनुवारले गाउँ सभाका सत्रौं अधिवेशन

समक्ष पेश गर्नु भएको

# आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम

फिक्कल गाउँपालिका,

सिन्धुली जिल्ला

बागमती प्रदेश, नेपाल

२०८२ साल असार ५ गते

गरिमामय गाँउ सभाका सदस्यज्यूहरु,

आमन्त्रित महानुभावहरु,

तथा कर्मचारी साथीहरु,

सर्वप्रथम यस फिक्कल गाँउपालिकाको गाउँसभाको १७ औं अधिवेशनको प्रारम्भ समारोहमा उपस्थित हुनु भएका सम्पूर्ण सभाका सदस्यज्यूहरु एवं उपस्थित कर्मचारी साथीहरु एवं सञ्चारकर्मी मित्रहरुलाई गाँउपालिकाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु ।

राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण एवं शहिदहरु तथा वेपत्ता र पीडित नागरिकहरुलाई सम्मान गर्दै आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको मार्गलाई नेपालको संविधानले अंगिकार गरेको छ । यसैको आधारमा संघ, प्रदेश र स्थानीय तहलाई राज्य शक्तिको स्रोत प्रयोग गर्ने अधिकार प्रदान भएको छ । आज हामी नेपालको संविधानको भाग १८ धारा २२२ बमोजिम नियमित रुपमा शुरु भएको यो १७ औं अधिवेशनको प्रारम्भ समारोहमा उपस्थित भएका छौं ।

आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम सम्मानित गाउँसभा मार्फत फिक्कल गाउँपालिकावासीहरु माझ प्रस्तुत गर्न गईरहँदा समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षामा आधारित हुँदै "फिक्कल समृद्धिको आधार कृषि, स्वास्थ्य, शिक्षा, पर्यटन र रोजगार" भन्ने मूल नाराका साथ समृद्ध फिक्कल सुखी फिक्कलवासीको सपना साकार पार्ने अभियान पूरा गर्न समृद्धिको यात्रामा हामीले हाम्रो पालिकालाई हाम्रो पालामा सेवा मार्फत सुशासन—सुशासन मार्फत विकास र समृद्धि भन्ने नाराका साथ दुरगामी एवं उज्ज्वल र समृद्ध गाउँपालिकाको निर्माणको आधार तयार हुनेछ भन्ने मैले विश्वास लिएको छु ।

उपस्थित सभा सदस्यज्यूहरु,

तीनै तहका सरकारले मुलुकमा आफ्नो तर्फबाट प्रवाह गरिने सार्वजनिक वस्तु तथा सेवाको प्राथमिकीकरण गर्नु पर्ने भएको छ । विषयगत क्षेत्रहरु आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन वातावरण तथा विपद् व्यवस्थापन र सुशासन तथा संस्थागत विकास क्षेत्रलाई प्राथमिकतामा राखी सोही बमोजिम कार्यहरु गर्नु आजको आवश्यकता भएको छ। बजेट तर्जुमाको लागि अबलम्वन गरिएका पद्धति र आधारहरु, बजेट निर्माण एवं प्राथमिकीकरण आधार बदलिएको परिस्थितिमा यस गाउँपालिकाको आ.ब. २०८२/०८३ को लागि संविधान प्रदत अधिकारहरु, स्थानीय तह संचालन ऐन, दिगो विकास लक्ष्यहरु, संघीय तहवाट तय भएका नीति र योजनाहरु अन्य कानूनमा उल्लेख अधिकार, पार्टीको दस्तावेज, निर्वाचन घोषणापत्र, प्रतिवद्धता, स्थानीय आवश्यकता र नागरिक, समुदायको मागका आधारमा तय गरिएका प्रमुख क्षेत्रगत नीतिहरु प्रस्तुत गर्न चाहन्छु ।

## (क) सामाजिक विकास क्षेत्र

### स्वास्थ्य

१. फिक्कल अस्पताललाई थप औजार उपकरण र आवश्यक पूर्वाधारको व्यवस्थापन गरी स्वास्थ्य सेवालाई थप बढोत्तरी र गुणस्तरीय बनाईनेछ । नागरिकहरुलाई स्वास्थ्य बीमामा अनिवार्य आवद्ध गरी पहिलो सेवा विन्दु फिक्कल अस्पतालबाट दिने व्यवस्था गरिनेछ। माथिल्लो अस्पताहरुसँग सहकार्य गरी टेलिमेडिसिन विषशेज्ञ सेवा सुचारू गरिनेछ ।

२. गाउँपालिका भित्र रहेका स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य इकाईको भौतिक पूर्वाधार र जनशक्तिको व्यवस्थापन गर्दै औषधी लगायत स्वास्थ्य तथा सुरक्षा सामाग्रीहरुको पर्याप्त व्यवस्था गरी स्वास्थ्य सेवालाई सुदृढ गरी निःशुल्क स्वास्थ्य जाँच तथा औषधी वितरणको व्यवस्था मिलाईने छ ।

३. बागमती प्रदेश सरकारको साझेदारीमा रत्नावती स्वास्थ्य चौकी र सुम्नामपोखरी स्वास्थ्य चौकीलाई थप सुदृढीकरण गरी सेवालाई थप गुणस्तरीय बनाईनेछ ।

४. आयुर्वेद चिकित्साको लागि गाउँपालिका भित्र रहेको नागरिक आरोग्य केन्द्रलाई सुदृढीकरण गरि पञ्चकर्म, योग, ध्यान, शिरोधार्य वाफ लगायतको सेवालाई विस्तार गरिनेछ। गाउँपालिकाको नागरिक आरोग्य केन्द्र मार्फत निःशुल्क आयुर्वेद स्वास्थ्य शिविर सञ्चालन, विद्यालय आयुर्वेद शिक्षा तथा योग कार्यक्रम, जडिबुटीको पहिचान, उपयोगिता सम्वन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ।

५. गर्भवती महिलालाई सुत्केरी प्रयोजनार्थ नजिकको स्वास्थ्य संस्थामा लैजान निःशुल्क एम्बुलेन्सको व्यवस्थालाई निरन्तरता दिईनेछ । साथै स्वास्थ्य संस्थामा गर्भवती चेकजाँच गराउँदा प्रत्येक पटक १००० का दरले दिने यातायात तथा पोषण खर्चलाई निरन्तरता दिईनेछ ।

६. "मेरो स्वास्थ्य मेरो जिम्मेवारी" भन्ने नारालाई सफल पार्न स्थानीय नागरिक आरोग्य समिति, सबै वडामा नारिक आरोग्य समूह गठन गरी क्रियाशील बनाईनेछ । टोल-टोलमा सामुहिक रुपमा योग(आसन, प्राणायम, ध्यान) एवं सकरात्मक जीवनशैली सम्बन्धी प्रशिक्षण दिने व्यवस्थाको शुरुवात गरिनेछ ।

७. स्थानीय जडिबुटी परिचय, प्रयोग, रोपण एवं संरक्षण सम्बन्धी अभियानमूलक कार्यक्रम संचालन गरी प्रत्यक नागरिकको बगैंचा, खेतबारी, करेसाबारी, गमलामा जडिबुटी रोपण गर्ने अभियान शुचारु गरिनेछ ।

८. वार्षिक रुपमा कम्तिमा एक पटक पालिका भित्र विभिन्न स्वास्थ्य संस्थाहरुसंगको सहकार्यमा विशेषज्ञ चिकित्सक सहितको स्वास्थ्य सेवा शिविर संचालन गरिने व्यवस्था मिलाईनेछ ।

९. आँखा उपचारलाई थप प्रभावकारी बनाउन विभिन्न सस्थाहरुसंगको सहकार्यमा वडास्तरसम्म विस्तार गरिदै लगिनेछ।

१०. राजमार्गमा हुने दुर्घटना उपचार, छिमेकी जिल्ला र पालिकाका सेवाग्राहीलाई समेत सेवा पुऱ्याउने गरी फार्मेसी, ल्याब सहितको २४ सै घण्टा सेवा प्रदान गर्न खाङसाङमा रहेको सामुदायिक स्वास्थ्य इकाइलाई मिनी ट्रमा सेन्टरको रुपमा फिक्कल अस्पतालको शाखाको रुपमा सेवा विस्तार गर्न विशेष व्यवस्था मिलाइने छ ।

११. सबै बर्थिङ सेन्टर र स्वास्थ्य संस्थालाई न्यूनतम सेवा मापदण्ड अनुरुप बनाउन आवश्यक व्यवस्था गरिनेछ। महिला स्वास्थ्य स्वयम् सेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याईनेछ ।

१२. "स्वस्थ दात सुन्दर मुस्कान" भन्ने नाराका साथ विभिन्न संघ, संस्था र निजि क्षेत्रको साझेदारीमा दन्त स्वास्थ्य सेवालाई पालिका भित्र उपलब्ध गराउने नीति लिईनेछ । पालिका भित्रका जेष्ठ नागरिकलाई सम्मान गर्दै दात नभएका जेष्ठ नागरिकहरुलाई निःशुल्क दाँत राख्ने व्यवस्था मिलाईनेछ ।

१३. स्वास्थ्य कर्मीहरुलाई समय सापेक्ष सक्षम, दक्ष बनाई स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउन सबै स्वास्थ्य कर्मचारीहरुलाई विषयगत तालिमको व्यवस्था मिलाईनेछ ।

१४. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारको लागि सार्वजनिक निकाय, निजी क्षेत्र, गैर सरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिईनेछ ।

१५. बालबालिकाहरुको आधारभूत खोप कार्यक्रमलाई थप प्रभावकारी र व्यवस्थित बनाईने छ । खोप कार्यक्रमलाई समयबद्ध र अनिवार्य गराउन विद्यालय भर्ना गर्दा अनिवार्य खोप कार्डको व्यवस्था गर्ने नीति लिइनेछ । पूर्ण खोप सुनिश्चितता र दिगोपनालाई निरन्तरता दिईने छ।

१६. स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध हुन सबै नागरिकलाई अभिप्रेरित गरिने छ ।आर्थिक रुपले विपन्न, दलित, अपाङ्ग, जेष्ठ नागरिक, सीमान्तकृत, लोपोन्मुखहरुलाई अनिवार्य स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध भए वापत प्रिमियमको शत **प्रतिशत** रकम गाउँपालिकाले व्यवस्था गर्ने अन्यलाई अवस्था हेरी ५० प्रतिशत सम्म र वैदेशिक रोजगारीमा रहेका घरधुरीलाई अनिवार्य स्वास्थ्य बीमा कार्यक्रममा सहभागी गराउने नीतिलाई निरन्तरता दिईने छ ।

१७. स्वास्थ्य चौकी तथा स्वास्थ्य इकाईहरुलाई आवश्यक समायोजन गरी थोरै कर्मचारीको उपस्थितिमा धेरै स्वास्थ्य प्रवाह गर्ने नीति लिइनेछ ।साथै हाल संचालनमा रहेका सामुदायिक स्वास्थ्य इकाईहरुलाइ दक्ष जनशक्ति सहित निरन्तरता दिइने छ ।

१८. फिक्कल अस्पताल र स्वास्थ्य चौकीहरु मार्फत दीर्घरोगीहरुको स्वास्थ्य जाँच घर दैलोमै गर्ने र रोगीहरुले खाने औषधी घर दैलोमै उपलब्ध गराउने व्यवस्था मिलाइने छ । उक्त कार्यलाई प्रविधिमैत्री बनाउन डिजिटल स्वास्थ्य अभिलेख कार्यक्रमको शुरुवात गरिने छ ।

१९. राजमार्गमा हुने सडक दुर्घटनामा परेका व्यक्तिहरुलाई अस्पतालसम्म पुऱ्याउनको लागि निःशुल्क एम्बुलेन्सको व्यवस्था मिलाईने छ ।

२०. रेविज विरुद्धको खोप अभियान संचालनको लागि स्वास्थ्यकर्मीहरुलाई क्षमता अभिवृद्धि तालिमको व्यवस्थापन गरी फिक्कल अस्पतालबाट सहज र सुलभ किसिमले प्रवाह गरेको सेवालाई निरन्तरता दिईनेछ ।

२१. सुरक्षित मातृत्व, खोप, पोषण र रोग नियन्त्रणका लागि विशेष कार्यक्रम संचालन गरिनेछ । पाठेघरको मुखको क्यान्सर रोकथामका लागि निःशुल्क स्क्रिनिङ्ग कार्यक्रम संचालन गरिनेछ ।

२२. पोषणमैत्री स्थानीय शासन कायम गर्न बहुक्षेत्रीय पोषण तेस्रो योजनाले लिएको उदेश्य पूरा गर्न आगामी आ.व. मा सबै स्वास्थ्य संस्थाहरुलाई अनिवार्य पोषणमैत्री स्वास्थ्य संस्था घोषणा गरिनेछ । सुनिश्चितता र दिगोपनालाई निरन्तर अगाडि बढाईने नीति लिईनेछ ।

२३. नेपाल सरकारको साझेदारीमा "म स्वस्थ्य मेरो सामुदाय स्वास्थ्य" कार्यक्रम संचालन मार्फत नागरिकलाई समुदायको समग्र स्वास्थ्यमा संवेदनशील र जिम्मेवार बनाई स्वस्थ समाजको निर्माणमा जोड दिईनेछ ।

**ख शिक्षा**

२४. शिक्षा क्षेत्रको संस्थागत संरचना, गुणस्तर लगायत समग्र विकासलाई प्राथमिकताको आधारमा विकास गर्न आवधिक शिक्षा विकास योजना तर्जुमा गरी लागु गरिनेछ ।

२५. बालबालिकाको शैक्षिक गुणस्तरका लागि भन्दै शैक्षिक पलायन, शैक्षि वसाईसराईलाई न्यूनीकरण गर्न मन्टेश्वरी प्रणालीको आधुनिक गुणस्तरीय सिकाई कक्षा संचालन गरिनेछ । सोको सुरुवातका लागि मा.वि. खाङ्साङलाई मोडेलको रुपमा सुरुवात गरिनेछ ।

२६. ब्रिटिस कलेजको साझेदारीमा नवप्रवर्तन र idea shearing गर्न पालिकामा सम्पर्क डेस्क स्थापना गरी निरन्तर संवाद गर्ने व्यवस्था मिलाईनेछ ।

२७. संविधानको मौलिक हक प्रदत्त आधारभूत शिक्षा निःशुल्क र अनिवार्य शिक्षालाई पूर्ण रुपमा कार्यान्वयन गरिनेछ । विगतमा कक्षा छोडेकालाई खोजी गरी कक्षा निरन्तरतामा जोड दिईनेछ । कक्षा छोड्ने प्रवृत्तिलाई निरुत्साहित गरी अनिवार्य आधारभूत शिक्षा हासिल गर्न जोड दिईनेछ ।

२८. विद्यालयबाट भौगोलिक दुरता लगायतका कारण शैक्षिक वातावरणमा विद्यार्थीलाई क्रियाशिल बनाउन साथै विद्यार्थीको सिकाई अवधि बढाउन मा.वि. र नि.मा.वि. तहमा अतिरिक्त कक्षा संचालन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२९. सामुदायिक विद्यालयमा शिक्षक बिद्यार्थी अनुपात बैज्ञानिक आधारमा दरबन्दी मिलान गरी शिक्षक अभाव हुन नदिने व्यवस्था मिलाइने छ ।

३०. विद्यार्थीको विद्यालय निरन्तरताका लागि अभिभावक शिक्षा सचेतना कार्यशाला संचालन गरिनेछ । साथै अभिभावक परामर्श कार्यक्रम सञ्चालन गरिने छ ।

३१. किशोरकिशोरी शिक्षा तथा जीवनोपयोगी सीप विकासको माध्यमले विद्यालय बाहिर रहेका बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउन अनिवार्य शिक्षा कार्यक्रम संचालन गरिनेछ ।

३२. कानूनी तथा नीतिगत व्यवस्था गरी विद्यार्थी संख्या, भौगोलिक दुरी तथा आवश्यकताका आधारमा पालिका भित्रका विद्यालय मर्ज (गाभ्ने), कक्षा घटाउने कार्य गरिनेछ र शिक्षकलाई कामकाज गर्न खटाउने तथा शिक्षक दरबन्दी मिलान गरिनेछ ।

३३. स्थानीय पाठ्यक्रमलाई आफ्नो परिवेश अनुकूल वनाउन थप अध्ययन, परिमार्जन र अद्यावधिक गरि पाठ्यक्रम बमोजिम पठनपाठन कार्यान्वयनको नियमिति अनुगमन गरिनेछ।स्थानीय पाठ्यक्रम मार्फत पोषणमैत्री तथा बालमैत्री स्थानीय शासनको विषयमा बालबालिकालाई पोषण तथा बालमैत्री संवेदनशील सिकाई प्रदान गरिनेछ ।

३४. सामुदायिक विद्यालयमा उपलब्ध सूचना तथा प्रविधि स्रोतलाइ उपयोग गर्दै डिजिटल साक्षरता तालिममा SEE दिएर बसेका विद्यार्थी तथा स्थानीय नागरिकहरुलाई समेत समेटी प्रविधिमैत्री समाज निर्माण गर्ने नीति लिईनछ ।

३५. सामुदायिक विद्यालयका शिक्षकहरुलाई क्षमता र व्यवसायिक बनाउन क्रमशः मागमा आधारित तालिम तथा सिकाईका अवसरहरु विस्तार गर्दै लगिनेछ । साथै शिक्षकहरु प्रविधिमैत्री वनाउन डिजिटल साक्षरता कार्यक्रम संचालन गरिने छ ।

३६. फिक्कल गाउँपालिका अन्तर्गतको शैक्षिक संस्थाहरुमा स्थानीय पाठ्यक्रम मार्फत स्थानीय परिवेशका मौलिक ज्ञानको साथ साथै जीवनोपयोगी सीप, उद्यमशीलता र नैतिक शिक्षा सहितको गुणस्तरीय शिक्षा प्रदान गरिदै लगिनेछ ।

३७. सबै सामुदायिक विद्यालय हरित विद्यालय कार्यक्रमलाई निरन्तरता दिईने छ । सम्वन्धित विद्यालयमा अध्ययनरत विद्यार्थी, निजको अभिभावक र अध्यापन गराउने शिक्षकको जन्म दिनको उपलक्ष्यमा अनिवार्य एक विरुवा रोप्ने, संरक्षण गर्ने अभियान संचालनमा ल्याईने छ।

३८. अपाङ्गता भएका विद्यार्थीहरु पहिचान गरी त्यस्ता विद्यार्थीहरुलाई कुनै एक विद्यालयमा आवासीय रुपमा राखी अध्यापन गराउने कार्यको अध्ययन गरिनेछ ।

३९. दलित, अल्पसंख्यक तथा आर्थिक र सामाजिक रुपमा पछि परेका विद्यार्थीलाई विद्यालय तथा सम्बन्धित वडाका वडाअध्यक्षको सिफारिसमा आवश्यक शैक्षिक सामाग्री गाँउपालिकाले व्यवस्था गर्ने प्रवन्ध मिलाइनेछ ।

४०. विद्यालय भर्ना हुने समय पुगेका बालबालिकाहरुको भर्ना दरलाई शत प्रतिशत पुऱ्याउने गरी कार्यक्रम ल्याइनेछ।

४१. परम्परागत स्थानीय ज्ञान, सीप तथा कलालाई अभिलेखीकरण गरी सीप बैंकको कार्य शुरुवात गरि विद्यालयका विद्यार्थीहरुलाई आदान प्रदान गरिनेछ ।

४२. विद्यालय, अभिभावकको समेत साझेदारीमा पूर्ण आवसीय र आंशिक(दिवा) आवसीय विद्यालयको रुपमा विकास गरि शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने नीति लिइनेछ । गाउँपालिका भित्र कम्तिमा एक विद्यालयबाट पूर्ण आवसीय र दिवा आवसीय विधालय संचालन गर्ने नीतिलाई निरन्तर रुपमा अगाडि बढाईनेछ ।

४३. परीक्षा प्रणालीलाई व्यवस्थित गर्न गाउँपालिका स्तरमै प्रश्नपत्र निर्माण गरी परीक्षा सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

४४. सिकाईलाई व्यवस्थित गर्न आन्तरिक मूल्याङकनलाई प्रभावकारी बनाउन बिषयगत शिक्षकहरुको कार्यशाला सञ्चालन गरिनेछ।

४५. सबै सामुदायिक विद्यायालयहरुमा नेपाल सरकार तथा प्रदेश सरकारको समेतको साझेदारीमा खेल मैदान व्यवस्थापन, घेराबेरा लगायत भौतिक संरचनाको मर्मत संभार र निर्माण गर्न पहल गरिनेछ ।

४६. विद्यालय शिक्षामा शैक्षिक गुणस्तर अभिवृद्धिमा अभिभावकको संलग्नता बढाउन र अभिभावकलाई क्रियाशील बनाउन अभिभावक सचेतना कार्यशाला सञ्चालन गरिनेछ ।

४७. नमुना विद्यालय विकासको लागि अन्य सरकारी, गैर सरकारी संघ सस्था संग समन्वय गरिनेछ ।

४८. बालबगैंचा, करेसाबारी निमार्ण तथा हरित विद्यालय निमार्ण तथा पोषण सप्ताह सचालन गरिनेछ ।

४९. गाउँपालिका भित्रका सामुदायिक विधालयहरुमा सिक्दै-कमाउदै, कमाउदै-सिक्दै कार्यक्रम सचालन गरि विद्यार्थीहरुलाई उद्यमशील बनाउने नीति लिईनेछ ।

५०. गाउँपालिका भित्रका सामुदायिक विधालयहरुमा व्यवसायिक सीपमूलक कार्यक्रम सचालन गरिने छ ।

५१. विधालयहरुमा खेल, संगित र नृत्य सिकाउन घुम्ति शिक्षकको व्यवस्था गरिने छ ।

५२. सामुदायिक विधालयका शिक्षकहरुलाई सम्बन्धित विषयको शिक्षण सिकाई तालिम कार्यक्रम सचालन गरिने छ ।

५३. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न, विद्यालय-विद्यालयबीचको सिकाई आदानप्रदान गर्न र प्रतिस्पर्धी बनाउन पालिकास्तरीय र वडास्तरीय रुपमा शैक्षिक प्रदर्शनी, शैक्षिक मेला र अतिरिक्त क्रियाकलापको प्रतिस्पर्धाका कार्यक्रमहरु संचालन गरिनेछ।

५४. विद्यालय शिक्षकको आफ्नो ज्ञान, सीपको आदान प्रदान गर्न वडास्तर र पालिकास्तरमा विषयगत शिक्षकहरुको नियमित बैठक, अन्तरक्रिया गर्ने परिपाटीको थालनी गरिनेछ ।

५५. विद्यालयमा अतिरिक्त क्रियाकलाप संचालनका लागि बजेटको व्यवस्थापन गरिनेछ । नेपाल सरकारबाट प्राप्त हुने विद्यालय संचालन खर्चको न्यूनतालाई मध्येनजर गरी SEE, अन्य

परीक्षा, विद्यार्थी संख्या लगायत समग्र गुणस्तर र सूचकको आधारमा पालिकाबाट थप संचालन खर्च दिने व्यवस्था मिलाईने छ ।

५६. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षकहरुको पेशागत क्षमता अभिवृद्धि गर्नका लागि आधारभूत शिक्षक तालिम, बालबिकास सहजकर्ताहरुलाई पेशाप्रति दक्ष र जवाफदेही बनाउनको लागि छोटो अवधिका लागि तालिम संचालन गर्ने, शिक्षकहरुको कार्यसम्पादन करार व्यवस्थापन गरिनुका साथै शिक्षक दरबन्दी कम भएका तथा विद्यार्थी संख्या बढी भएका विद्यालयहरुलाई शिक्षक व्यवस्थापन अनुदान दिने व्यवस्था विशेष जोड दिईनेछ ।

५७. प्रारम्भिक बाल विकास केन्द्रलाई विद्यालय शिक्षाको मूल आधारको रुपमा थप विकसित र स्तरोन्नति गरिनेछ ।चार वर्ष उमेर पुगेका बालबालिकाहरुलाई अनिवार्य बाल सिकाई केन्द्रमा भर्ना गरिनेछ ।

५८. विद्यालयहरुमा सूचना प्रविधिको प्रयोगमा जोड दिनुका साथै सम्पूर्ण सामुदायिक विद्यालयहरुमा ईन्टरनेटको व्यवस्था मिलाइनेछ ।

५९. समय समयमा प्र.अ.हरुको घुम्ती बैठक संचालन गरी विद्यालयको नियमित निरीक्षण तथा सुपरीवेक्षण गर्ने र शिक्षकहरुलाई आवश्यक पेशागत सहयोग उपलब्ध गराईनेछ ।

६०. शैक्षिक क्यालेन्डर निर्माण गरी सबै विद्यालयका सम्पूर्ण क्रियाकलापहरुमा एकरुपता हुनेगरी व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

६१. पालिकास्तरीय अतिरिक्त क्रियाकलापहरुको संचालन गरी विद्यार्थीहरुको शारीरिक, मानसिक तथा बौद्धिक विकास गर्न साथै सिकाईमा प्रतिस्पर्धात्मक भावनाको विकास गरिनेछ ।

६२. विगतमा स्वर्ण कौशिका क्याम्पस फिक्कल ४ खाङ्साङमा संचालन रहेको र हाल सुशुप्त अवस्थामा रहेकोले पूर्ण रुपमा संचालन गरी गाउँपालिकामै उच्च शिक्षाको ढोका खोल्न सार्वजानिक निजि साझेदारीमा संचालना ल्याउन आवश्यक पहल गरिनेछ ।

६३. उच्च शिक्षालाई प्रोत्साहन गर्न छोरी स्नातक र स्नातकोत्तर छात्रावृत्ति कार्यक्रम संचालन गरिने छ।

**ग खानेपानी, सरसफाई र स्वच्छताः**

६४. गाउँपालिका भित्रका सम्पूर्ण वडाका घरधुरी र विद्यालयहरुमा स्वच्छ खानेपानीको दिगो विकास र पूर्ण सरसफाई कार्यक्रम सञ्चालन गरी स्वच्छ सफा फिक्कल वनाईने छ ।

६५. घरायसी, संस्थागत एवम् वातावरणीय सरसफाइ प्रवर्द्धनका लागि वातावरण तथा सरसफाइ कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याइने छ

६६. प्राकृतिक स्रोतको संरक्षण तथा वर्षा पानी संङ्कलन कार्यलाई प्राथमिकता दिईनेछ ।

६७. सबै नागरिकलाई स्वच्छ र गुणस्तरीय खानेपानी सेवाको उपलब्धता सुनिश्चित गरिनेछ । खानेपानी र सरसफाई क्षेत्रमा दिगो विकास लक्ष्य हासिल गर्नका लागि लगानी वृद्धि, सेवा दक्षता, प्रभावकारीता र सुशासन कायम गरिनेछ । भूमिगत पानी स्रोतको पुनर्भरणलाई प्राथमिकता दिईनेछ ।

६८. गाउँपालिका भित्र सञ्चालन हुने खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धनका क्रियाकलाप र कार्यक्रमहरुमा दोहोरोपना हटाउनुका साथै प्रभावकारिता वृद्धि गर्नका लागि खानेपानी, सरसफाई तथा स्वच्छता योजना (Wash Plan) लाई नियमित अद्यावधिक गरी कार्यान्वयनमा ल्याइने छ ।

६९. पूर्ण सरसफाई प्रवर्द्धनमा वडा, टोल विकास संस्थाहरु र स्थानीय समुदायको सहभागिता वृद्धि गरी पूर्ण सरसफाईलाई जीवन संस्कारको रुपमा विकास गर्न सरसफाई नमुनाटोल निर्माणमा जोड दिइने छ र सोका लागि पूर्ण सरसफाई टोल विकास निर्देशिका बनाई लागु गरिनेछ ।

७०. सरसफाइको लागि मानिसहरुको बानी ब्यवहारमा आमूल परिवर्तन गर्न गाउँपालिका क्षेत्रभरी जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

७१. संस्थागत सरसफाई (विद्यालय/बालविकास केन्द्र र मुख्य गरी स्वास्थ्य संस्थाहरुमा) खानेपानी, सरसफाई र स्वच्छता (साबुन पानीले हात धुने र महिनावारी स्वच्छता) सुविधा सुनिश्चित गर्न आवश्यकता अनुसार पूर्वाधार निर्माण गर्ने, प्रयोगमा नआएका पूर्वाधारलाई मर्मत सम्भार गर्ने र नियमित सेवामा पहुँच सुनिश्चित गर्न सेवा प्रदायक संस्थाहरुलाई पुरस्कारको व्यवस्था गर्ने र समुदाय स्तरमा सरसफाई र स्वच्छता अभियान सञ्चालन गर्न सामाजिक नियमहरु बनाई अभियानको रुपमा लागु गरिनेछ ।

७२. टोल विकास संस्थाहरुलाई सरसफाई पुरस्कारको व्यवस्था मिलाईनेछ । टोल विकास संस्थाहरुले आफ्नो टोलको घरधुरीहरुलाई सरसफाईमा संलग्न गराई सोको अनुगमन मूल्याङ्कन गरी घरधुरीहरुलाई उचित सरसफाई पुरस्कार गर्न सक्ने व्यवस्था समेत मिलाईनेछ ।

७३. खानेपानी योजनाहरु विकास साझेदार संस्था र स्थानीय सस्थाहरुको समन्वय र सहयोगमा सचालन गरिने छ ।

७४. गाउँपालिका केन्द्र रहेको खाङसाङवेशीलाई वृक्षारोपण गर्ने, प्राईम कमर्सियल बैकको साझेदारीमा सडक पेटीमा फोहोर राख्ने डस्बिन व्यवस्थापन गर्ने, फुल रोपण सहितको सौन्दर्यीकरण गरी वातावरणमैत्री बस्तिको रुपमा विकास गरिनेछ ।

७५. एक घर एक धाराको नीतिलाई निरन्तरता दिईने छ । सबै घरमा चाङ, जुठ्यान निर्माण गर्ने, कुहिने र नकुहने फोहोरको छुट्टाछुट्टै व्यवस्थापन गर्ने गरी सफा र सुन्दर गाउँपालिका बनाउने व्यवस्था मिलाईने छ।

## घ सामाजिक सुरक्षा/समावेशीकरण र गरिबी निवारण

७६. गाउँपालिका क्षेत्रभित्र अशक्त, अपाङ्गता भएका व्यक्ति, छोराछोरीबाट अपहेलित, उपेक्षित वर्ग एवं आर्थिक रुपले विपन्न भई खान लाउन समेत नपाएका व्यक्तिलाई अल्पकालीन रुपमा निःशुल्क खाना, कपडा र आवासको व्यवस्था मिलाई स्थानीय सरकार रहेको अनुभूति दिलाईनेछ ।

७७. लैंगिक विभेदमा परेका र पारिएका वर्गको उत्थानको लागि भाषिक, आर्थिक, सामाजिक समुन्नतिका लागि विशेष प्राथमिकता दिईनेछ ।

७८. सबै वर्गहरुलाई समेट्ने गरि लैंगिक उत्तरदायी बजेट बनाईनेछ ।

७९. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, हिंसा, छुवाछुत गर्ने व्यक्तिलाई तत्कालै कडा कारबाही गरिनेछ । साथै विद्यालय स्तरमा पनि यस सम्बन्धी जनचेतना अभियान सञ्चालन गरिनेछ ।

८०. बाल विवाह, सामाजिक कुरीति, उमेरको अनमेल विवाह तथा विभेदलाई न्यूनीकरण गर्न विद्यालयस्तर र वडा स्तरबाट नै सचेतनामूलक कार्यक्रम गरिने छ ।

८१. सबै वडामा बाल क्लव गठन गरी गाँउपालिकामा बाल क्लव तथा सञ्जालहरुको कार्यालय स्थापना गरिनेछ।बालक्लव तथा सञ्जाललाई क्षमतायुक्त बनाउन अवलोकन भ्रमण तथा तालिमको व्यवस्था मिलाउदै लगिनेछ ।

८२. जोखिममा रहेका, अविभावक विहीन बालबालिकाको संरक्षणका लागि सामाजिक सुरक्षा सहायता सहित वैकल्पिक स्याहारका कार्यक्रम संचालन गर्ने कार्यको थालनी गरिनेछ ।

८३. गरिबी निवारण कोषलाई थप उत्पादनमूखी क्षेत्रमा परिचालन गरी कोषको सही क्षेत्रमा चलयमान बनाउन सहकारी मोडेलमा संचालन गरिनेछ ।

८४. बाल विवाहको रोकथाम तथा अन्त्यका लागि बालिका लक्षित शैक्षिक सहायता, बीमा, बचत कार्यक्रम क्रमशः लागु गर्दै सचेतनामूलक अभियान संचालन गरिनेछ ।

८५. युवा, महिला तथा लक्षित समुदायहरुको क्षमता विकास सम्बन्धी कार्यलाई प्राथमिकता दिईने छ ।

८६. महिला तथा विपन्न वर्गको शसक्तीकरणका लागि आवश्यक सीपमूलक तथा उद्यमशीलता तालिम संचालन गरी रोजगारीको अवसरमा सहभागी गराईनेछ ।

८७.महिला, बालबालिका, युवा, पछाडि पारिएका, आदिवासी/जनजाति, दलित, अपाङ्गगता भएका व्यक्ति, लैंगिक अल्पसंख्यक,सीमान्तकृत,क्षमता विकास तथा सीप विकासका जेष्ठ नागरिकहरुको सम्मान, लागि सीपमूलक एवं चेतनामूलक कार्यक्रमहरु संचालन गरिने

८८. पाँच वर्ष भित्रका आमा वा बुवा गुमाएका बालवालिकालाई दोहोरो नपर्ने गरी पोषण भत्ता वा पोषण सामाग्री र विद्यालय उमेरका यस्ता विद्यार्थीहरुलाई शैक्षिक सामाग्री उपलब्ध गराईने छ।

८९. युवालाई तालिम दिन उद्यमशीलता विकास कोष स्थापना गरी साझेदारीहरु समेतको सहभागितामा रचनात्मकउद्यम विकास कार्यक्रम संचालन गरिनेछ ।

९०. जेष्ठ नागरिक परिचय पत्र बितरण तथा सम्मान कार्यक्रमलाई थप परिमार्जन सहित निरन्तरता दिईनेछ ।

९१. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन गरी महिला तथा युवाहरुलाई मागमा आधारित तालिमको व्यवस्था मिलाइनेछ ।

९२. सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई वडा र टोलबाट नै वितरण गर्ने कार्यलाइ थप सहज र प्रभावकारी बनाइनेछ ।

९३. सामाजिक व्यवहार परिवर्तनका लागि सूचना तथा संचार अभियान संचालन गरिनेछ ।

९४. गाउँस्तरीय साँस्कृतिक केन्द्रको स्थापना गरी कला साहित्यको जगेर्ना तथा बिकास गरिनेछ।

९५. "विकृति, विसंगति हटाऔ, सभ्य समाज बनाऔ" सभ्य नागरिक समाज सचेतना कार्यक्रम तथा सडक मानवमुक्त गाँउपालिका कार्यक्रम तय गरिनेछ ।

९६. बालश्रमको अन्त्य गरी सडक बालबालिकामुक्त पालिका घोषणा गरिने छ ।

९७. समुदायमा व्यक्तिगत घटना दर्ताको महत्वबारे व्यापक जनचेतना फैलाउने उद्देश्यले वडास्तरीय गोष्ठी, छलफल तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। साथै, रेडियो, टेलिभिजन, पत्रपत्रिका र सामाजिक सञ्जाल मार्फत निरन्तर सूचना प्रवाह गरिनेछ।

९८. विद्यालयस्तरमा शिक्षकहरूलाई लक्षित गरी व्यक्तिगत घटना दर्ताको महत्वबारे अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरिनेछ।

९९. घटना दर्ता प्रक्रियालाई सहज, सरल र पहुँचयोग्य बनाउन वडा कार्यालयहरूमा आवश्यक जनशक्ति, उपकरण र प्रविधिको व्यवस्था गरिनेछ। दुर्गम तथा पहुँच नभएका स्थानहरूमा लक्षित गरी घुम्ती दर्ता सेवा सञ्चालन गरिनेछ।

१००. पञ्जिकाधिकारी तथा सम्बन्धित कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि नियमित रूपमा तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१०१. स्वास्थ्य संस्था, विद्यालय, प्रहरी तथा अन्य सरोकारवाला निकायहरूसँग समन्वय गरी सूचना आदान—प्रदानलाई प्रभावकारी बनाइनेछ।

१०२. निर्धारित समयावधिभित्र व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद, बसाइँसराइ) दर्ता गराउने व्यक्ति वा परिवारलाई सम्मान तथा प्रोत्साहन प्रदान गरिनेछ।

१०३. डिजिटल प्रणालीको प्रयोगद्वारा दर्ता प्रक्रिया छरितो, सुरक्षित र व्यवस्थित बनाइनेछ। सामाजिक सुरक्षा भत्ता वितरणलाई पारदर्शी, सहज र झन्झटमुक्त बनाउन लाभग्राहीका बैंक खातामा **EFT प्रणालीमार्फत सिधै भुक्तानी**को व्यवस्था निरन्तर गरिनेछ।

१०४. अत्यन्त वृद्ध, अपाङ्गता भएका, वा अशक्त लाभग्राहीहरूलाई लक्षित गर्दै, बैंकसँग समन्वय गरी **वडा कार्यालयबाटै वितरण**को व्यवस्थालाई निरन्तरता गरिनेछ। पारदर्शिता कायम गर्न वडास्तरीय सूचना पाटीमा अद्यावधिक लाभग्राहीहरूको नामावली सार्वजनिक गरिनेछ।

१०५. मृत्यु भइसकेका व्यक्तिहरू, दोहोरो लाभ लिनेहरू वा अन्य अनियमितता भएका लाभग्राहीहरूको पहिचान गरी **बायोमेट्रिक प्रणाली**द्वारा अद्यावधिक गरिनेछ।

१०६. सामाजिक सुरक्षा भत्ताको **सदुपयोग तथा प्रभावकारिता अभिवृद्धि**का लागि वृद्धवृद्धा तथा अशक्तहरूलाई लक्षित विशेष सहयोग कार्यक्रमहरू सञ्चालन गरिनेछ (जस्तैः स्वास्थ्य शिविर, सहयोग सामग्री वितरण आदि)।

१०७. वडामा गठन गरिएको **गुनासो सुनुवाइ समिति**लाई सक्रिय बनाई लाभग्राहीहरूको गुनासोलाई समयमै समाधान गरिनेछ।

१०८. स्वेच्छाले भत्ता नलिने लाभग्राहीहरूको नाम सम्मानपूर्वक प्रकाशन गरी **पालिकाद्वारा सम्मान** गरिनेछ। नयाँ लाभग्राही दर्ता प्रक्रिया पारदर्शी, तथ्यपरक र प्राथमिकताको आधारमा गरिनेछ।

१०९. गाउँपालिकाबाटै राष्ट्रिय परिचयपत्र लिने व्यवस्था गर्नको लागि राष्ट्रिय पञ्जिकरण विभागसँग समन्वय गरिने छ ।

**(घ) रोजगारी तथा मानव संशाधन विकास**

११०. गाउँपालिका क्षेत्र भित्र रहेका बेरोजगारीहरुको सूची बनाई क्रमशः उत्पादनमूलक, उद्योगमूलक तथा सामाजिक निर्माण कार्यमा परिचालन गर्ने गरी कार्य गरिने छ ।

१११. बैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन आवश्यक नीति तर्जुमा गरिनेछ। बैदेशिक रोजगार सम्बन्धी सर्वेक्षणको माध्यमबाट समग्र पालिकाको अवस्था झल्कने पार्श्व चित्र तयार गरी युवा लक्षित कार्यक्रम तथा बजेट तर्जुमाको आधार तयार गरिनेछ ।

११२. गाउँपालिकामा बेरोजगार एवं क्षमतावान युवा युवतीलाई प्रतिस्पर्धात्मक क्षेत्रमा सफल बनाउन रोजगार सेवा केन्द्रलाई रोजगारीका सूचनालाई एकै स्थानमा उपलव्ध हुने गरी पेज सञ्चालन गरिनेछ।

११३. श्रम गर्ने संस्कृतिको विकास गर्दै श्रमलाई सम्मान गर्ने परिपाटीको विकास गरिनेछ। **फिक्कल विकास स्वयंसेवक कार्यक्रम** मार्फत सार्वजनिक पोखरी, फुटट्रेल, नदि तटबन्ध, वृक्षारोपण जस्ता सार्वजनिक विकासका कार्यमा श्रमदान गर्ने अभियान सन्चालन गरिने छ ।

११४.युवालाई आर्थिक र सामाजिक रुपान्तरणको प्रमुख बाहकको रुपमा परिचालन गरि युवामा स्यवमसेवी र सदाचार भावको विकास गरिनेछ ।

११५. विदेशबाट फर्किएका सीपयुक्त नागरिकहरुको अनुभव, क्षमतालाई परिचालन हुने गरि स्थानीय स्तरमा कृषि पशुपालन, खेलकुद विकास निर्माणका अन्य कार्यमा प्रयोगमा ल्याईने छ ।

११६. फिक्कल गाँउपालिका घर भइ विदेश रहनु भएकाहरुको तथ्याङ्क संकलन प्रशोधन गरी गाउँपालिका भित्र लगानी गर्न सक्ने वातावरणको अध्ययन गरिनेछ ।यस गाउँपालिका भित्रका युवाहरुको स्थितिपत्र प्रकाशन गरी युवामैत्री गाउँपालिकाको अवधारण अगाडी वढाई युवाको पालिका कार्यक्रम संचालन गरिनेछ ।

११७. वैदेशिक रोजगारीमा जाने युवायुवतिहरुलाई वित्तीय साक्षरता, श्रम स्वीकृतिको लागि online सेवामा online form enrollment data प्रविष्टि र सीपमुलक तालिमको व्यवस्था गर्दै लगिनेछ।

११८.गैर सरकारी संस्थाहरुको साझेदारीमा विविध जनचेतना, विकास निर्माण, कृषि, पशुपालन जस्ता कार्यमा सहकार्य गरी स्थानीय बासीलाई संलग्न गराउने गरी परिचालन गर्न नीति लिईनेछ।

११९. फिक्कल गाँउपालिका भित्रका वासिन्दा बैदेशिक रोजगारीको सिलसिलामा मृत्युबरण हुन पुगेका नागरिकको शव ल्याउन सहायता गर्ने कार्यलाई थप प्रभावकारी बनाईने छ ।

१२०. श्रम तथा श्रमिकको मर्यादा अभिवृद्धि तथा आन्तरिक रोजगार प्रर्वद्धनमा जोड दिईनेछ ।

१२१.रोजगारी सिर्जना र प्रवर्द्धनमा अन्तर तह, अन्तर निकाय र निजी क्षेत्र सँग बहुपक्षीय साझेदारी तथा समन्वय गरिनेछ ।

१२२.कार्यस्थलमा श्रमिकहरुलाई आवश्यक पर्ने आधारभूत तालिमको व्यवस्था गरिनेछ ।

१२३.आन्तरिक रोजगारी प्रवर्द्धनका लागि वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई उद्यमशीलता प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

१२४.गाउँपालिका भित्र परम्परागत तथा आधुनिक ज्ञान, सीप भएका जनशक्तिको अभिलेखीकरण र प्रमाणिकरण गरिने छ ।

१२५.**पुर्खाको भूमि, दीर्घ स्मृती कार्यक्रम** मार्फत् स्थायी वा अस्थायी रुपमा आफ्नो थातथलोबाट अन्यत्र रहनु भएका नागरिकहरुलाई आवद्ध गराई सार्वजनिक कल्याणकारी भौतिक संरचना(चौतारा, पाटी, मन्दिर,गुम्बा, पँधेरो आदि)निर्माणमा योगदान गर्न अभिप्रेरित गरिने छ।

**युवा तथा खेलकुद**

१२६. शारीरिकरुपमा सुगठित नागरिक उत्पादनका लागि गाउँपालिका स्तरीय खेलकुद विकास समिति मार्फत खेलकुद क्यालेण्डर निर्माण गरी विविध विद्याको खेलकुद प्रतियोगिताहरु आयोजना गरिने छ ।

१२७. गाँउपालिका भित्रका सबै वडामा कम्तिमा एउटा आधारभूत खेल मैदानको विकास गरी फुटवल, भलिवल, क्रिकेट, ब्याडमिन्टन, कराँते, रग्वी तथा अन्य साहसिक खेलहरुलाई प्रोत्साहन गरिनेछ। साथै सम्भाव्यता अध्ययन गरी विभिन्न साहसिक खेलहरुको प्रतियोगिता संचालन गरी खेलकुदको माध्यमद्धारा पर्यटन प्रवद्धन गरिने छ ।

१२८. युवाहरुलाई खेलकुदमा आकर्षित गर्न अध्यक्ष फुटवल कप, उपाध्यक्ष भलिवल कप र राष्ट्रपति रनिङ्ग शिल्ड जस्ता खेलकुद प्रतियोगिता आयोजनालाई निरन्तरता दिइनेछ ।

१२९. राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका खेलकुदमा भाग लिने गाउँपालिका क्षेत्र भित्रका उत्कृष्ट खेलाडी तथा जित हाँसिल गराउन सहयोग पुर्याउने प्रशिक्षकहरुलाई प्रोत्साहन गर्न पुरस्कार र सम्मानको व्यवस्था मिलाईने छ ।

१३०. गाउँपालिका स्तरीय खेल मैदान तयारका लागि विस्तृत सम्भाव्यता अध्ययन गरी आगामी आर्थिक वर्ष भित्र पुरा गर्न सहकार्यका आधारमा निर्माण गर्न पहल गरिनेछ।

१३१. विद्यालय तथा समुदायबाट खेलाडी पहिचान, सम्मान तथा क्लब दर्ता कार्यलाई निरन्तरता दिई अन्तर वडा स्तरीय प्रतियोगिता सञ्चालन गरिनेछ । खेलकुद प्रतियोगिताका माध्यमबाट फिक्कललाई राष्ट्रिय अन्तराष्ट्रिय क्षेत्रमा पहिचान गराउने प्रयास गरिनेछ ।

१३२. रचनेथाममा रहेको फिक्कल खेलमैदानलाई आवश्यक व्यवस्थापन गरी पूर्ण संचालन गरिने छ। साथै गाँउपालिको झगरेबेसीमा कभर्डहल निर्माण कार्यको शुरुवातको लागि अन्य निकायको सहकार्य, समन्वयमा संचालन गर्ने गरी कार्य अघि बढाइनेछ ।

१३३. विपद् व्यवस्थापनमा युवाका महत्वपूर्ण भूमिका हुने भएकोले प्रत्येक वडाबाट बढीभन्दा बढी यूवालाई स्वयंसेवक दलमा आवद्ध गरी विपद् व्यवस्थापन तालिम दिई विपदको समयमा परिचालन गरिनेछ ।

१३४. गाउँपालिका क्षेत्रभित्रका माध्यमिक विद्यालयहरुमा खेल शिक्षकहरुको व्यवस्था गर्दै लगिनेछ। स्काउट र जुनियर रेडक्रस सोसाईटी मार्फत स्वंय सेवक शिक्षकहरुको व्यवस्था गर्दै लगिनेछ । रग्वी खेललाई प्रोत्साहन गर्न जिल्लास्तरीय रग्बी खेल प्रतियोगिता गराइने छ ।

१३५. फिक्कल गाउँपालिका भित्र सम्भाव्यता रहेका खाली चउरहरुलाई खेल मैदानमा बिस्तार गरिदै लगिने छ ।

१३६. परम्परागत खेलहरुको अभिलेखीकण गरिने छ । परम्परागत खेलको जगेर्ना र प्रवर्द्धन गर्न विद्यालयस्तरमा खेल शिक्षा र प्रतियोगिताको आयोजना गरिनेछ ।

१३७. गाउँपालिकामा रहेका क्लबमा आवद्ध खेलाडीहरुलाई आवश्यक्ता अनुसार खेल सामाग्री तथा खेलाडी ड्रेस वितरण गरिने छ ।

१३८. फिक्कल गाउँपालिकाका सबै वडाहरु र मुख्य वस्तिहरु नजिक पायक पर्ने स्थानमा सामुहिक जिम हाउस, पार्क सहितको खुला व्यायम स्थल, कवर्डहल निर्माण गरिनेछ ।

**न्यायिक समिति**

१३९. मेलमिलापकर्ता, जनप्रतिधिहरुका लागि क्षमता अभिवृद्धिको कार्यक्रम अगाडि बढाइनेछ।

१४०. विवाद निरुपण तथा मेलमिलापको लागि समुदाय स्तरमा कार्यक्रम बनाई लागु गरिने छ ।

१४१. मेलमिलापकर्ताहरुको पहिचान हुने खालको पोशाक र लोगोको व्यवस्था साथै मेलमिलाप केन्द्रलाई व्यवस्थित गरिने छ ।

१४२. कानूनी परामर्शदाताको व्यवस्था गरिनेछ ।

१४३. न्यायिक समितिलाई सवल र सक्षम बनाउन सहयोग गरिनेछ । साथै न्यायिक सम्पादनलाई व्यवस्थित बनाउन इजलाश निर्माणको कार्यलाई अगाडी वढाईने छ ।

१४४. मनोपरामर्शकर्ताको उत्पादन तथा क्षमता बृद्धि गरिनेछ ।

१४५. मनोपरामर्शदाताहरुले सेवा प्रदान गरेवापत उनीहरुलाई प्रोत्साहन गरिनेछ ।

१४६. सिकाई आदन प्रदानको लागि अध्ययन अवलोकन भ्रमण कार्य संचालन गरिने छ ।

१४७. माध्यामिक विधालयहरुमा न्यायिक अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।

१४८. विपन्न उजुरीकर्ताहरु न्यायको पहँच सुनिश्चित गर्नको लागि सम्बन्धित निकायसम्म पुग्नको लागि यातायात खर्च दिने कार्यलाई निरन्तरता दिईनेछ ।

१४९. अन्तर पालिका न्यायिक समितिको अनुभव र सिकाई आदानप्रदान गर्नको लागि जिल्लास्तरीय न्यायिक मञ्च भेलाको आयोजना गरिने छ ।

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक**

१५०. जेष्ठ,अशक्त नागरिकहरुलाई स्वास्थ्य उपचारमा हुने ल्याब,एक्सरे जस्ता कार्यलाई पूर्ण निःशुल्क हुने व्यवस्थालाइ निरन्तरता दिईनेछ ।

१५१. आत्मनिर्भरताका लागि महिला सशक्तिकरण भन्ने आदर्श वाक्यका साथ महिलाको हक कार्यान्वयनका लागि गृहणी महिला सशक्तिकरण कार्यक्रमलाई निरन्तता दिईनेछ ।

१५२. बेचबिखान तथा ओसारपसारबाट पीडित एवम् लैङ्गिक हिंसाबाट प्रभावितहरुको सुरक्षाका लागि उद्धार, राहत, मनोसामाजिक परामर्श एवम् पुनस्थापनासम्बन्धी कार्यक्रमहरु यौनिक तथा

लैङ्गिक अल्पसंख्यक समुदायको मूलप्रवाहिकरणको लागि वृति विकास तथा रोजगारमुलक कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।

१५३. महिलाहरुको सर्वाङ्गीण उत्थान र सबलीकरणमा विशेष ध्यान दिईनेछ । महिलाविरुद्ध हुने हिंसा, शोषण र भेदभाव अन्त्य गरिनेछ ।

१५४. आर्थिक र सामाजिक रुपमा विपन्न महिलाहरुको आर्थिक सशक्तीकरणका लागि वित्तीय पहुँच र उद्यमशीलता विकास गरिनेछ ।

१५५. बालबालिकाको शारीरिक तथा मानसिक विकास र संरक्षण गरिनेछ । सडक बालबालिकाका लागि पारिवारिक पुनःर्मिलन, सामाजिक पनस्थापना र वैकल्पिक हेरचाहको व्यवस्था मिलाइनेछ ।

१५६. आफ्ना लागि आफैं केही गर्न नसक्ने अवस्थामा रहेका, हेरचाह र पालन पोषण समेत गरिदिने कोही नभई जीवन नै जोखिममा रहेका सडक आश्रित सहयोगापेक्षी महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति एवम् मनोरोगीहरुको उद्धार एवम् मानवोचित व्यवस्थापन गराउँदै सहयोगापेक्षी सडक मानवमुक्त स्थानीय तह बनाईनेछ ।

१५७. जेष्ठ नागरिकलाई सम्मानपूर्वक जीवनयापनको प्रबन्ध गरिनेछ । जेष्ठ नागिकहरुका ज्ञान र अनुभवको उपयोग र पुस्तान्तरणमा जोड दिईनेछ ।

१५८. अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनःर्स्थापना कार्यक्रमलाई निरन्तरता दिईनेछ। सार्वजनिक पूर्वाधार र सेवाहरुलाई अपाङ्गमैत्री बनाईनेछ ।

१५९. जेष्ठ नागरिकहरुका लागि दिवा सेवा केन्द्र, निशुल्क स्वास्थ्य परीक्षण र औषधिको व्यवस्था गरिनेछ ।

१६०. अनाथ बालबालिकाहरुका लागि आवासको व्यवस्था, अपाङ्गता भएका व्यक्तिहरुलाई पकृतिअनुसार क्षमता विकास तालिम संचालन गरिनेछ ।

१६१. बालबालिकासँग अध्यक्ष कार्यक्रम अन्तर्गत बालबालिकालाई सुन्ने, बालसमृद्धि र सुरक्षाको कार्यक्रम सञ्चालनमा ल्याईने साथै १८ वर्षे उमेर नपुगेका बालबालिकाहरुको निःशुल्क खाता खोली रु. १(एक) दैनिक रुपमा गाउँपालिकाले बचत गरी बचत गर्ने संस्कारको विकास गर्ने कार्यक्रमको निरन्तरता दिईने छ ।

१६२. बालबालिकासँग जनप्रतिनिधि कार्यक्रम मार्फत् हरेक महिना हरेक माध्यमिक विद्यालय केन्द्रित रहेर सो क्षेत्रका विद्यार्थीहरुसँग बाल अधिकार, बाल संरक्षण, बाल विकास र बाल सहभागिताको विषयमा अन्तरक्रिया कार्यक्रम गर्ने कार्यको शुरुवात गरिने छ।

१६३. पिछडिएको समुदाय, सीमान्तकृत, गरिब, असहाय र टुहुरा बालबालिकालाई, अनिवार्य शिक्षाको व्यवस्थापन गरिनेछ ।

१६४. बालश्रम विरुद्ध जनचेतना अभियान सञ्चालन गरिनुका साथै बालबालिकाको हक, अधिकारका विषयमा विद्यालय स्तरमा श्रव्यदृश्य सामग्रीका माध्यमबाट जनचेतना अभिवृद्धि गरिनेछ ।

१६५. महिला, बालवालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिकको हेरचाहका लागि जिल्ला स्थित हेरचाह गृह (सेफ हाउस) मार्फत सेवा उपलब्ध गराउन सेफ हाउसमा बजेट व्यवस्थापन गरिने छ ।

१६६. सीमान्तकृत, अल्पसंख्यक, दलित समुदायका छात्रा तथा अपांगता भएका व्यक्तिहरुमध्ये स्नातक तहमा  गणित, बिज्ञान बिषय अध्ययन गर्ने विद्यार्थीहरुलाई छात्रबृद्धि प्रदान गर्ने नीति अबलम्बन गरिनेछ ।

१६७. जुम्ल्याहा तथा तिम्ल्याहा बालबालिकालाई दिँदै आएको पोषण भत्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१६८. खाङसाङमा रहेको वृद्धाआश्रमलाई व्यवस्थित बनाई दिवा जेष्ठ नागरिक मिलेनकेन्द्रको रुपमा विकास गरिनेछ ।साथै हलेसी तिर्थाटनमा हिँडेका तिर्थालुलाई बास बस्ने व्यवस्था समेत मिलाईने छ ।

१६९. जीवनउपयोगी सीप कक्षा संचालन गरिनेछ ।

१७०. प्रत्येक प्रशासनिक कार्यालय, विद्यालयमा आराम कक्ष र स्तनपान कक्ष व्यवस्था गरिनेछ।

१७१. महिला केन्द्रित क्षमता अभिवृद्धि र सीपमूलक कार्यक्रमको लागि आवश्यक व्यवस्थापन गरिनेछ ।

१७२. फिक्कल गाउँपालिका वडा नं १,२,४ र ६ लाई आगामी आ.व. मा बालमैत्री वडा घोषणा गरि बालमैत्री गाउँपालिका घोषणा गरिने छ ।दीगोपना योजना बनाई दिगोपनाको सुनिश्चितताका लागि बजेट व्यवस्थापन गरिने छ ।

१७३. वालवालिकाहरुको संरक्षणको लागि बालकल्याण कोषमा बजेटको बढोत्तरी गर्ने, अन्य क्षेत्रमा स्रोतको खोजी गर्ने र उचित परिचालन गरिने  छ ।

१७४. महिला जनाप्रतिनिधिको क्षमता विकास, सशक्तीकरणको कार्यक्रम संचालन गरिने छ। जिल्लास्थित सबै जनप्रतिनिधिको आफ्नो अनुभव, असल अभ्यासको आदानप्रदान गर्न महिला जनप्रतिनिधि भेला आयोजना गरिने छ ।

**पोषणमैत्री स्थानीय शासन सम्बन्धी नीति**

१७५. फिक्कल गाउँपालिकालाई पोषणमैत्री गाउँपालिका घोषणा गर्न तीन वटा वडामा कार्यक्रम संचालन भइरहेकोमा आगामी आ.व. मा सबै वडामा कार्यक्रम संचालन गरी पोषणमैत्री स्थानीय शासन घोषणा गर्ने कार्यलाई तिव्रता दिईनेछ ।

१७६. नागरिकहरुलाई खाद्य संप्रभुता र खाद्य सुरक्षाको प्रत्याभूतिक गर्न निजि तथा सहकारी क्षेत्रसँगको सहकार्यमा व्यावसायिक कृषिको प्रवर्धन गरी गाउँपालिकालाई खाद्यान्न, तरकारी, फलफुल, पशुपन्छी, मत्स्य उपजहरुमा आत्मनिर्भर बनाउँदै लगिनेछ ।

१७७. सामुदायिक विद्यालयहरुमा हुने दिवा खाजालाई पोषणमैत्री बनाउन विशेष अभियान संचालन गरिनेछ । सबै खाजाहरु स्थानीय उत्पादन प्रयोग गरी बनाईएका पोषणयुक्त हुनै पर्ने गरी पोषणयुक्त खानाको एकीकृत सूची तयार गरि सोही सूची अनुसार खुवाउनु पर्ने गरी निर्देशित गरिनेछ । जङ्क फुड (पत्रु खाना)लाई विद्यालयमा पूर्णरुपमा प्रतिबन्ध लगाईनेछ । क्रमशः समुदायिक स्तरमा प्रतिबन्ध गर्दै लगिने छ ।

१७८. सबै वडाहरुमा एक/एक नमुना पोषणमैत्री गाउँ बनाईने छ ।पोषणमैत्री वडा र गाउँपालिकाको दिगोपना योजना तर्जुमा गरी दिगोपनाको सुनिश्चितता गरिने छ ।

## (ख) आर्थिक विकास नीति

### कृषि तथा पशुपालन

१७९. बढदो वैदेशिक रोजगारीको परनिर्भरतालाई न्यूनीकरण गर्दै युवालाई कृषि उद्यममा आकर्षित गर्न मागमा आधारित कृषि व्यवसायिक उद्यमशीलता कार्यक्रम संचालन गरिनेछ । साथै स्थानीय युवाहरुलाई लक्षित गरी रोजगारी सृजना गर्ने उद्योग र पशुपालन उद्योगको लागि बीउँपूँजी अनुदान तथा ऋणको व्यवस्था मिलाईने छ ।

१८०. कृषियोग्य भूमिको संरक्षण, बाझो जमिनको उपयोग, चक्ला खेती र करार खेतिलाई प्रबर्धन गरिनेछ ।

१८१. रैथाने बाली, कृषि नश्ल, जैविक विविधताको संरक्षणलाई प्राथमिकता दिईनेछ । विउ, विजन, फलफुल विरुवा, पशुपन्छी, मत्स्य नश्ल सुधारमा गाउँपालिकालाई सक्षम बनाउन निजि क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

१८२. रैथाने बालीको बिउ बैङ्क स्थापना गरी बालीको संरक्षण र प्रवर्धन गरिनेछ ।

१८३. कृषि उत्पादन, वितरण, भण्डारण र उपयोग शैलीलाई पोषणका उपभोग अभिन्न अङ्गको रुपमा अगाडि बढाईनेछ ।

१८४. किसानको कृषि पेशालाई सुरक्षित र भर्पर्दो बनाउन र पेशाको जोखिमलाई न्यूनीकरण गर्न कृषि बीमाको सुरुवात गर्ने पहल गरिनेछ ।

१८५. कृषि योग्य जमिन बाँझो राख्न नदिन भूमि बैंकको अवधारणा अनुरुप जग्गाको परिचालन र उपयोग गरी खेति गरिने नीति लिईनेछ ।

१८६. कृषक सर्भेक्षकको माध्यमबाट पहिचान भएका कृषकहरुको परिचयपत्र वितरण गरिनेछ। किसान सूचीकरण कार्यक्रमलाई आगामी वर्ष पूर्णता दिईनेछ ।

१८७. बागमती प्रदेश सरकारको समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम अन्तर्गत वडा नं. ५ मा तरकारी खेती प्रवर्द्धन र वडा नं. १ मा बाख्रापालन कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै निरन्तरता साथै थप अन्य वडामा कार्यक्रम संचालन गरिने छ । खोरेत

लगायतका महामारीजन्य संक्रामक रोहगरुको पहिचान, नियन्त्रण तथा रोकथामका लागि आधुनिक प्रविधिको प्रयोग गर्दै विशेष खोप अभियान कार्यक्रमहरु संचालन गरिनेछ ।

१८८. पशुपालनको लागि वर्षैभरी चरन तथा आहाराको व्यवस्थापन गर्न समुदाय तथा सहकारीमा आधारित घाँस खेतीलाई प्रोत्साहन गरिनेछ । सुख्खायाममा पनि उत्पादन र उत्पादकत्व बढाउन उपयुक्त पशु आहारा, सुक्ष्म पोषण, प्रजनन तथा घाँसेबाली र साईलेज, हे तथा अन्य प्रविधिको विकास एवम् विस्तार गरिनेछ ।

१८९. जहाँ उत्पादन, त्यहाँ रोजगारी भन्ने नाराकासाथ स्थानीय स्रोत साधनको उच्चतम् उपयोग गर्दै रोजगारी सिर्जना र उत्पादन प्रवर्धन गर्न एक वडा एक उद्यम कार्यक्रम संचालन गरिनेछ।

१९०. मानव-वन्यजन्तु द्धन्द्ध न्यूनीकरणका लागि वन्यजन्तुको वासस्थान, कृषि उपजलाई क्षति पुऱ्याउने र वन्यजन्तुको व्यवस्थापन, वनसँग जोडिएका जग्गामा वन्यजन्तुले नरुचाउने प्रजातिका जडिबुटी तथा गैरकाष्ठ प्रजाति र वनक्षेत्र भित्र फलफुल रोपण (फ्रुट फरेष्टि) गरेनेछ । वन्यजन्तुबाट क्षति पुगेका परिवारहरुलाई उचित राहत वितरण गर्ने कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ ।

१९१. भूमिको उचित प्रयोग गर्न भूउपयोग योजना तर्जुमा गरी कार्यान्वय गरिनेछ ।भूमिको उत्पादनशीलता अभिवृद्धि गर्न जग्गाको वर्गीकरण, उपयोगका लागि भूमि बैङ्क मार्फत यान्त्रिकरण र व्यावसायीकरणमा जोड दिईनेछ । उत्पादनको दिगोपना र निरन्तरताको लागि उत्पादनमा आवद्धता कायम गर्दै लगिनेछ ।

१९२. कृषकहरुको सुविधालाई प्राथमिकता दिई सिंचाई प्रणालीको पुनरस्थापना गरिनेछ। जलस्रोतको दिगो उपयोग, भूमिगत जल पुनःर्भरण, पोखरी संरक्षण र जलाशय निर्माणमा जोड दिईनेछ ।

१९३. रैथाने बालीको उत्पादन, विविधिकरण, स्थानीय पहिचान सहितको लेभलिङ्ग गरी बजारिकरणलाई प्रबर्द्धन गरिनेछ ।

१९४. सार्वजनिक, निजी र सहकारीको साझेदारीमा **एग्रो ट्रेडिङ्ग कम्पनी** स्थापना मार्फत पालिकामा उत्पादित बस्तुको किनबेच गर्ने र उत्पादनमा अनुदान प्रदान गर्ने नीति लिईनेछ ।

१९५. कृषिमा अनुसन्धान गर्न, नर्सरी विकास गर्न, कृषि पर्यटन विकास गर्न एक वडा एक उद्यान सहितको वागवानी केन्द्र स्थापनाको लागि अध्ययन अगाडि बढाईनेछ ।

१९६. स्थानीय रैथाने र मौलिक प्रजातिलाई संरक्षण सम्वर्द्धन गरी स्थानीय पहिचान स्थापित गर्ने गरी फिक्कलको ढोडेनी खोला, सोखु खोला र पौंती खोला आदिमा पाईने असला प्रजातिको माछालाई व्यवसायीकरण गर्न अध्ययन अनुसन्धान तथा असला माछा प्रजनन केन्द्र स्थापना गर्ने कार्य अगाडि बढाईनेछ ।

१९७. अकस्मात रुपमा आई पर्ने महामारीजन्य समस्याहरुलाई मध्यनजर गर्दै आकास्मिक बाली संरक्षण कार्यक्रम मार्फत व्यवसायिक किसानहरुलाई थप प्रोत्साहन गरिदै लगिने छ ।

१९८. बालीको उत्पादन र उत्पादकत्व बढाउन माटोको प्राङ्गारिक पदार्थ, अम्लीय र क्षारीय अवस्थालाई परीक्षण गरि वडा स्तरीय माटो शिविर संचालन गरिने छ ।

१९९. उन्नत पशुपालन, पशु बीमा, गोठ सुधार जस्ता कार्यक्रमहरुबाट व्यवसायिक किसानहरुलाई थप प्रोत्साहित गरिनेछ।

२००. कृषि उपजलाई बजारीकरण गरी किसानको उत्पादनको उचित मूल्य दिन खाङसाङमा स्थापना भएको कृषि संकलन केन्द्रलाई पूर्ण रुपमा संचालन गरी कृषि बजारको विकास गर्ने कार्यको थालनी गरिने छ ।

२०१. कृषकहरुको मनोवल उच्च राख्न फिक्कल भरी उत्पादन भएका कृषि उत्पादनहरुको प्रदर्शनी गर्न कृषि उत्पादन मेला आयोजना गरी उत्कृष्ट कृषकलाई पुरस्कार दिने व्यवस्था मिलाईनेछ ।

२०२. कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्न शिक्षा, अनुसन्धान र प्रसार पद्धतिलाई एकीकृत विकास गरिनेछ ।

२०३. पशुपालक कृषकहरुलाई आधारभूत प्राविधिक तालिम प्रदान गरिनेछ ।

२०४. कृषि उद्यमशीलताको विकास, खाद्य स्वच्छता तथा गुणस्तर अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरिनेछ ।

२०५. कृषि प्रसारको क्षेत्रलाई प्रथामिकता दिँदै हरेक वडामा कृषि र पशु प्राविधिक रहने कार्यलाइ निरन्तरता दिइनेछ। कृषि तथा पशु प्राविधिकलाई नेपाल सरकार र प्रदेश सरकारको अनुसन्धान प्रतिष्ठान, बागबानी केन्द्र तथा अन्य नर्सरी तथा अनुसन्धान केन्द्रमा गई प्रयोगात्मक तालिम लिने व्यवस्था मिलाईनेछ ।

२०६. कृषकका उत्पादित वस्तुहरुको बजारीकरणको सुनिश्चित गर्दै प्रत्येक वडामा वडा स्तरीय संकलन केन्द्र निर्माण गर्दै अन्यत्र निकासीको लागि ढुवानीमा अनुदान सहितको व्यवस्थापन कार्य गरिँदै लगिने छ ।

२०७. कृषि उत्पादित बस्तुको उचित व्यवस्थापनको लागि भण्डारण केन्द्र र चिस्यान केन्द्र आगामी आर्थिक वर्षमा संचालनमा ल्याईनेछ । प्रदेश सरकारको साझेदारीमा कृषि एम्बुलेन्सको व्यवस्थापन गरी संचालनमा ल्याईनेछ ।

२०८. उपभोग गरी बाँकी रहन गएको कृषि उपज बिक्री वितरण गर्ने प्रयोजनार्थ उचित मूल्य सहितको कृषि उपज खरिद बिक्रीमा समन्वयीकरण गरिनेछ ।

२०९. आगामी वर्ष देखि कृषि उत्पादन अभिलेखाङ्कन शुरु गरिने छ। खाधान्न र दलहन वाली धेरै उत्पादन गर्ने कृषकहरुलाई प्रोत्साहन र पुरस्कार प्रदान गरिने छ ।

२१०. व्यवसायिक कृषि र पशुपालनमा संलग्न परिवारलाई प्राविधिक सहायता, बीमा र उत्पादनमा प्रोत्साहन मूल्य प्रदान गरिनेछ ।

२११. पशु बीमा अभियान शुरुवात गरिने छ । नश्ल सुधार कार्यक्रमलाई निरन्तरता दिई आधुनिक उन्नत पशु उत्पादनमा जोड दिँदै कृषकहरुलाई दुग्ध तथा मासुजन्य उत्पादन गर्न प्रोत्साहित गरिने छ।

२१२. माहुरी पालनलाई व्यवसायिक रुपमा विकास गर्न घार वितरण तथा अनुदान सहयोग गर्ने नीति लिईनेछ ।

२१३. किसानको उत्पादनलाई लामो समयसम्म सुरक्षित र ताजा सँग राख्न र ढुवानीमा सहजता ल्याउन म्याजिक ब्यागको व्यवस्थापनको थालनी गरिनेछ ।

२१४. निर्वाहमुखी खेती तथा पशुपालनमा गाई भैंसी पालनलाई आधुनिक र व्यवसायिक बनाउन नेपाल सरकारको साझेदारीमा गाई भैंसी प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

२१५. एकीकृत घुम्ति सेवा मार्फत रोगकिराको निदान, बाली संरक्षण, बाली उपचार तथा माटो जाँच, विषादी सचेतना कार्यक्रम संचालन गरिनेछ ।

२१६. कृषि तथा पशुपन्छी उत्पादनमा अनुदान कार्यक्रम संचालन गरिने छ । फलफुल विरुवा, बिउविजन, मल आदि स्थानीय किसानबाट २५% र पालिकाबाट ७५% लगानी अनुदानमा वितरण गरिनेछ । साथै कृषकहरुलाई प्रोत्साहन गर्नको लागि उत्पादन गरेको वस्तु(फलफुल,तरकारी,मासु)अन्य मा प्रति किलो उत्पादन अनुसार प्रोत्साहन रकम प्रदान गरिने छ।

२१७. किसानको आफ्नो पेशालाई सहजीकरण बनाउन परम्परागत र आधुनिक कृषि औजार उपकरण वितरण गरिनेछ ।

## सहकारी, गैहृसरकारी तथा वित्तीय क्षेत्र

२१८. सहकारी संस्थाहरुलाई दर्ता, नियमन, प्रवर्द्धन र विकासमा सहयोग गरिनेछ ।

२१९. सहकारी तथा वित्तीय क्षेत्र सँग भएको पूँजीलाई उद्यम विकास तथा रोजगारी सिर्जना गर्ने क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।

२२०. सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै गाउँपालिकाको आर्थिक एवं सामाजिक विकासमा अधिकतम परिचालन गरिनेछ ।

२२१. सहकारी संस्थाहरुको माध्यमबाट परम्परागत खेति र पशुपालन प्रणालीलाई विस्थापन गर्दै आधुनिक खेति प्रणालीबाट कृषि उत्पादन बढाउन र उन्नत पशुपालन गरी कृषकहरुको जीवनस्तर उकास्ने कार्यक्रम संचालन गर्न सहयोग गरिनेछ ।

२२२. सार्वजनिक निजी साझेदारी (Public Private Partnership) मोडलमा उत्पादन र रोजगारी सिर्जना हुने क्षेत्रमा कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२२३. नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकार सँगको साझेदारीमा कार्यलाई अझ प्रभाबकारी बनाउँदै लगिनेछ ।

२२४. अन्तर स्थानीय तहसँगको सहकार्यमा कार्य गर्ने प्रणालीलाई अबलम्वन गरिनेछ ।

२२५. नगर विकास कोष, नागरिक समाज तथा विभिन्न गैसस सँगको साझेदारीमा कार्य गर्ने नीति अबलम्बन गरिनेछ ।

२२६. सबै नागरिकको वैक खाता खोलिने, सहकारीलाई सकटमुक्त राख्न आवश्यक उपाय अपनाइने छ।

२२७. वैक तथा वित्तीय सस्थाबाट उत्पादनमूलक क्षेत्रमा ऋण लगानी जढाउन प्रोत्साहित गरिने छ।

**पर्यटन**

२२८. फिक्कल पर्यटन सम्भाव्यता अध्ययन प्रतिवेदनको मार्गदर्शनलाई कार्यान्वयन गरिनेछ । पर्यटन विकास गुरुयोजना निर्माण गरी व्यवस्थित ढंगले पर्यटन पूर्वाधार निर्माण, प्रचार प्रसार, पर्यटन ग्राम एवं अन्य व्यवस्थापनका कार्य गरिने छ ।

२२९. फिक्कल गाउँपालिकालाई पर्यटन गुरुयोजनाको आधारमा आकर्षक पर्यटकीय गन्तव्यको रुपमा विकास गरिने छ । पर्यटकलाई आकर्षित गर्न विद्युत प्राधिकरणसँग समन्वय गरी विभिन्न स्थानमा सडक बत्तीहरु जडान साथै हरित र सरसफाईयुक्त सडक बनाइने छ ।

२३०. सिन्धुली जिल्लाको सर्वोच्च चुचुरो फिक्कल चुचुरोलाई प्रमुख पर्यटकीय स्थलको रुपमा उक्त पर्यटकीय स्थलमा संघ तथा प्रदेश सरकारसँगको समन्वयमा पार्क निर्माण कार्य गरिने छ। साथै सो स्थलमा जानको लागि पदमार्गलाई व्यवस्थित गरिने छ ।

२३१. फिक्कलका विभिन्न पर्यटकीय स्थानहरु अनिरुद्र महादेव साघुरी, महादेव मन्दिर केराउबारी, कल्लेरी, बालकृष्णेश्वर मन्दिर, फिक्कलगढी दमारचौकी, चनौटे, महामण्डल, माझखर्क, परेवाथुम्की, नागदह चण्भिज्याङ्गमा प्राकृतिक पार्क तथा पिकनिक स्थल र खानेपानीको व्यवस्थापन गरिनेछ ।

२३२. चित्रेनागी देखि खनियाखर्क पदमार्ग, चनौटे ठुलीवन नागदह फिक्कल चुचुरो पदमार्ग लगायत अन्य पदमार्ग निर्माणका लागि सम्बन्धित निकायहरुसँग समन्वय साझेदारीको लागि आवश्यक पहल गरिने छ।

२३३. पर्यटन सँगै मनोरम चिया बगान स्थापनार्थ सम्भावना बोकेको क्षेत्रको पहिचान गरी अन्य निकायहरुको सहयोगमा सम्भाव्यता अध्ययनको शुरुवात गर्ने प्रयास गरिनेछ ।

२३४. फिक्कल भ्यूटावरलाई सार्वजनिक निजी साझेदारी मोडलमा संचालन व्यवस्थापन गरिनेछ । साथै फिक्कलको आसपासको गाउँहरुलाई बुटिक भिलेज, इको भिलेज वनाउदै लगिने छ ।

२३५. आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने कार्यका लागि आवश्यक सूचना, पम्प्लेट, होर्डिङ बोर्ड निर्माण गरिनेछ । साथै सामाजिक सञ्जाल मार्फत व्यापक प्रचार प्रसार गरिनेछ ।

२३६. डिपिआर तयार भईसकेका पर्यटकीय स्थलहरुको निर्माणलाई प्राथमिकता दिई कार्य गरिनेछ ।

२३७. जल पर्यटनको प्रवर्द्ध गर्न सुनकोशीमा र्‍याफ्टिङ्ग, खाड्साङ् देखि फिक्कल भ्युटावर केवलकार, खाङसाङ वाटर फन पार्क र १ न वडाको दमारमा ताल सरोवर  निर्माणको लागि सार्वजनिक निजी साझेदारीमा कार्य संचालन गर्न पहल गरिने छ ।

२३८. पर्या-पर्यटनको प्रवर्द्धन गर्न सामुदायिक वनसँग समन्वय गरी पिकनिक स्पोट, पोखरी निर्माण, पार्क, पैदल मार्ग जस्ता पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ ।

२३९. मौलिक तथा जातीय कलासंस्कृति तथा संस्कारलाई पर्यटकीय उपजको रुपमा विकास गरी फिक्कल ग्रामीण तथा कृषि पर्यटन प्रवर्द्धन गरिनेछ ।

२४०. गुणस्तरीय पर्यटकीय सेवा प्रवर्द्धनका लागि पर्यटन व्यवसायमा संग्लन व्यवसायीलाई सम्बन्धित Hospitality क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।

२४१. पर्यटन क्षेत्रको राष्ट्रिय संजालमा आवद्ध भई गाउँपालकाको पर्यटन सम्भावनालाई प्रचारप्रसार र विकासमा विद्यालयस्तरमै बालबालिकालाई जोड्न गाउँपालिकाका माध्यमिक विद्यालयहरुमा दिगो पर्यटन क्लव गठन गरी क्रियाशील बनाईने छ ।

२४२. गाउँपालिकाको पर्यटन सम्भावना समावेश पर्यटन गान र वृत्तचित्र निर्माण गरी प्रचारप्रसार गरिने छ।

२४३. होटल तथा होमस्टे संचालक तथा संचालकका कर्मचारीहरुलाई Health Hygene तथा खाद्य सुरक्षा र स्थानीय परिकार निर्माण सम्बन्धी तालिम दिईने छ ।

२४४. पर्यटन क्षेत्रमा नवप्रर्वतन र युवा उद्यमशीलता तालिमको व्यवस्था गरिने छ ।

२४५. हरेक वर्ष नयाँ वर्षको अवसरमा फिक्कल चुचुरोमा फिक्कल साँस्कृतिक मेलाको आयोजना गरिने छ ।

२४६. धार्मिक आस्थाको केन्द्र र फिक्कलको गौरवको रुपमा रहेको महाकाली देवीथानलाई संरक्षण, सम्बर्द्धन र प्रचारप्रसार गर्न प्रदेश सरकारको साझेदारीमा कार्यक्रम संचालन गरिने छ ।

## उद्योग तथा वाणिज्य

२४७. हरेक वडामा उपलव्ध हुने प्राकृतिक श्रोत जस्तैः अल्लो, हात्तिवार, सिस्नु, वाँस, वेत, लगायतका स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापना गर्दा लाग्ने शुल्कहरु पूर्णतया निःशुल्क गरिनेछ। साथै उक्त उत्पादनहरु विक्री गर्न गाँउपालिकाले स्थापना गरेको कोशेली घरमा निःशुल्क स्थान उपलव्ध गराइनेछ ।यस्ता प्रकारका उत्पादित सामाग्री सहकारी मार्फत खरिद गरी अन्यत्र विक्री गर्ने  व्यवस्था मिलाईनेछ ।

२४८. स्थानीयस्तरमा उत्पादित (साबुन, सरफ, धुप बत्ती, कस्मेटिक सामान) लगायतका वस्तुहरू प्रोत्साहन र प्रवर्द्धन गर्न गाउँपालिका तथा मातहका कार्यालयहरुले अनिवार्य प्रयोग गर्नुपर्ने, सामुदायिक विद्यालय, संघ संस्था र अन्य व्यक्तिहरुलाई उपयोग गर्ने जोड दिईनेछ ।

२४९. स्थानीयस्तरमा उत्पादित वस्तुहरुको बजारीकरणका लागि ब्रान्डिङ, लेभलिङ, ग्रेडिङ, प्याकेजिक गर्ने कार्यमा सहयोग गरिनेछ ।

२५०. फिक्कलमा भएका विविध प्रकारका उत्पादन, फलफुल, सामाग्रीहरु बेचविखन गर्ने प्रयोजनार्थ गाँउपालिका खाङसाङमा निर्मित **"फिक्कल कोशेली घर"** को पूर्ण रुपमा संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

२५१. उद्योग व्यवसाय क्षेत्रमा लगानी भित्र्याउन फिक्कल गाउँपालिका लगानी सम्मेलनलाई निरन्तरता दिईनेछ ।

२५२. औद्योगिक विकासमा public private partnership गर्ने नीति लिईनेछ ।

२५३. गाउँपालिका क्षेत्र भित्र हुने सबै व्यापार व्यवसायको सूचीकरण गर्ने तथा नविकरणमा सहजिकरण गर्न घुम्ति कार्यक्रम संचालन गरिनेछ । संचालनमा रहेका व्यापार व्यवसायलाई दर्ता गर्न चेतनामुलक कार्यक्रम आयोजना गरिनेछ ।

२५४. विद्यालय, स्वास्थ्य संस्था, उद्योग बाणिज्य सँग समन्वय गरी गुणस्तरीय उपभोग्य सामग्रीको विक्रि वितरण तथा उपभोग सम्बन्धी सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

२५५. स्थानीय व्यापार व्यवसायलाई प्रवर्द्धन गर्ने उद्देश्यले आगामी आर्थिक वर्ष गाउँपालिका स्तरीय उधोग वाणिज्य संघ स्थापना गरी सोही मार्फत गाउँपालिकाको उचित स्थानमा **"फिक्कल महोत्सव"** अन्य मेला कृषि प्रर्दशनी बजारहरुको व्यवस्थापन गरिने छ ।

२५६. उद्योग सम्बन्धी प्रशिक्षण तालिम प्राप्त व्यक्तिहरुको सूची तयार गरी अब उपरान्त हुने तालिममा सहभागी हुनेहरुलाई तालिम पश्चात उत्पादन गर्नै पर्ने शर्त राखी तालिममा सहभागी गराइनेछ ।

२५७. उपभोक्ता हित संरक्षणको लागि विद्यालय स्तरमा सचेतना कार्यक्रम संचालन गरिनेछ । साथै बजार अनुगमन कार्यलाई प्राथमिकता साथ कार्यान्वयनमा लगिनेछ ।

२५८. उत्पादनलाई विविधिकरण गरी सुकुटी, गुन्द्रुक, छुर्पी, सिस्नुको धुलो, सिन्की, दलहन, अचार जस्ता स्थानीय उत्पादनको लेभलिङ्ग, ब्रान्डिङ्ग गरी तुलनात्मक लाभ हासिल गर्ने उत्पादन र उद्योगको प्रवर्द्धन गरिनेछ ।

२५९. नगदेवाली अदुवा, लसुन, दलहन उत्पादन गरी निकासी गर्ने किसानलाई मापदण्ड बनाई उत्पादनमा अनुदान दिईनेछ ।

## (ग) वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धि नीति

### वन वातावरण तथा जलवायु परिवर्तन

२६०. फिक्कल गाँउपालिका भित्र भएको अथाह जडिबुटिहरुको पहिचान गरी निकासी गर्न एक सम्भाव्यता अध्ययन गरिनेछ र सोही अध्ययनको आधारमा जडिबुटि प्रशोधन तथा प्रवर्द्धन गरिनेछ ।

२६१. एक वन एक पोखरी, एक वन एक नर्सरी, सामुदायिक वन विस्तार, सडक पेटी, नदी तटीय क्षेत्रमा वृक्षारोपण कार्यक्रम ल्याईनेछ ।

२६२. डढेलो नियन्त्रणका लागि जनचेतना कार्यक्रम, डढेलो लगाउने व्यक्ति पहिचान गर्नेलाई उचित पुरस्कारको व्यवस्था गरिनेछ ।

२६३. दिगो वन व्यवस्थापनमा आधारित वन प्रवर्द्धन गर्दै वन स्रोतको उचित उपयोग गरिनेछ ।

२६४. वन पैदावर उत्पादन वृद्धि गरि आन्तरिक आपूर्ती रोजगारी सिर्जना गरी आयात प्रतिस्थापनमा जोड दिईनेछ ।सामूदायिक वनको व्यवस्थापन सुदृढ गर्दै वन आधारित स्रोतको उचित उपयोग गरिनेछ ।

२६५. गाउँपालिकामा एक वनस्पति उद्यान विकासको लागि अध्ययन गरिनेछ ।

२६६. जडिबुटी स्रोतको विकास र उपयोग गरिनेछ ।

२६७. जलवायु परिवर्तनबाट पर्न सक्ने प्रभाव न्यूनीकरण गर्न सरोकारवाला निकाय, गैर सरकारी संस्था तथा विकास साझेदारसँग समन्वय र सहकार्य गरी स्थानीय जलवायु परिवर्तन अनुकूलन कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

२६८. बालमैत्री, अपाङ्गमैत्री, वातावरणमैत्री पूर्वाधार निर्माणमा जोड दिइनेछ, हरित पालिकाको अवधारणा अनुरुप पार्क निर्माण, विकास र प्रवर्द्धनमा जोड दिईने छ।

२६९. सरकारी, गैर सरकारी तथा सामुदायिक वन उपभोक्ता समिति लगायतका संघ संस्थासँग सहयोग तथा समन्वय गरी वन, वाताबरण, भूसंरक्षण, वन आगलागी, वन विनाश तथा जलवायु परिवर्तन सम्बन्धमा जनचेतनामूलक तथा संरक्षणमुखी विविध कार्यक्रम संचालन गरिने छ ।

२७०. गाँउपालिका भित्रका सबै विद्यालय, वडा कार्यालय, स्वास्थ्य चौकीका खाली जग्गामा उपर्युक्त खालका फलफुलहरु रोप्नै पर्ने गरी व्यवस्थापन समिति, प्रमुखहरुलाई निर्देशित गरिनेछ, यस प्रकारको कार्य दण्ड पुरस्कारसँग आद्धता गर्दै लगिनेछ ।

२७१. गाँउपालिका भित्र रहेका सबै सामुदायिक वनहरुले स्थानीय सरकार संचालन ऐन अनुसार समन्वय सहकार्य तथा शुल्क बाँडफाँडमा सहभागी हुनै पर्ने गरी व्यवस्थापन गरिनेछ ।

२७२. फिक्कलको महाभारत क्षेत्रलाई जडिबुटी पकेट(ब्लक) क्षेत्र र सुपरजोन रुपान्तरण गरि जडिबुटीमा आधारित उद्योगहरुको स्थापना गरिनेछ ।

२७३. वि.स.२०७९ देखि २०८८ सम्म हरित दशकको कार्यक्रमलाई प्रभावकारी बनाईने छ।

२७४. वातावरणमैत्री घर निर्माणको लागि एक घर दश बिरुवा, एक व्यक्ति एक फलफुल विरुवा रोप्ने अभियान संचालन गरिने छ । साथै, विद्यालयहरुमा अध्ययनरत छात्रछात्राहरुलाई अतिरिक्त क्रियाकलाप अन्तर्गत विद्यालयसँग समन्वय गरि वृक्षारोपण तथा बगैंचा निर्माण गरि संरक्षण गर्न र सार्वजनिक स्थलको संरक्षण तथा सरसफाई गर्न प्रोत्साहित गरिनेछ ।

२७५. पानीका मुहान सरक्षण र जलभरण पोखरीहरुको निर्माणमा समुदायको परिचालन गरिने छ।

२७६. आगामी वर्ष कम्तिमा १०० वटा हरेक टोलवस्ती तथा मुहान क्षेत्रमा पोखरी निर्माण गरी वर्षाको पानी संकलन गरिने छ।

२७७. नदिकटानबाट खेतीयोग्य जमिन जोगाउन वडागत प्रतिस्पर्धा गराईने छ ।

२७८. मापदण्ड पूरा भएका सडक किनारमा बृक्षारोपण कार्य लाई निरन्तरता दिईने छ ।

२७९. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुको वातावरणमा पर्ने असर न्यूनीकरणको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।

## विपद व्यवस्थापन

२८०. विपदपूर्व तयारी कार्यको लागि प्रतिकार्य योजना तयार गरी क्रमशः कार्यान्वयन गर्दै लगिने छ साथै हरेक नागरिकको विपदमा फिक्कल सरकार छ भन्ने नाराका साथ फिक्कलवासीहरुलाई विपदको जोखिमबाट मुक्त गराउने नीति लिईने छ ।

२८१. विपदबाट हुने धनजनको क्षतिलाई न्यूनीकरण गर्दै लगिनेछ साथै क्षतिको आधारमा उचित राहतको व्यवस्था तत्कालै मिलाईनेछ । थप आवश्यक राहत पुर्नस्थापनाको लागि प्रदेश तथा संघीय सरकारसँगको सहकार्य अविलम्ब अघि बढाइनेछ ।

२८२. वडास्तरमा विपद व्यवस्थापन समिति गठन गरि विपद व्यवस्थापनका आवश्यक सामाग्री, औजार खरिद गरि हस्तान्तरण गरिनेछ ।

२८३. मानवीय व्यवहारबाट श्रृजना हुने विपद संलग्न व्यक्तिलाई आवश्यक कार्वाही गरि सूचना दिने व्यक्तिलाई उचित पुरस्कारको व्यवस्था मिलाइनेछ ।

२८४. विपद जोखिम कोष अभिवृद्धि गर्दै प्रभावकारी व्यवस्थापन गरिने छ ।

२८५. पोखरी संरक्षण पहिरो गल्छी नियन्त्रण विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृद्धि गरिनेछ ।

२८६. वनजंगल,जलस्रोत,जलाधार,पोखरी जस्ता प्राकृतिक स्रोतमा खलल पार्ने प्रतिकुल प्रभाव पार्ने भौतिक संरचना निर्माण लगायत कुनैपनि गतिविधि नगर्ने नीति लिईनेछ ।

**फोहोरमैला ब्यवस्थापन**

२८७. गाउँपालिकाको फोहरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई समेत सहभागी गराई फोहरमैला व्यवस्थापन गरिनेछ ।

२८८. फोहरमैलालाई स्रोतमै न्यूनीकरण गर्न घर घरमा कुहिने र नकुहिने फोहरलाई छुट्याई फोहरमैलाको व्यवस्थापन गरिने छ ।

२८९. फोहोरमैलालाई व्यवस्थापन गर्न उचित स्थान पहिचान गरी व्यवस्थापन गर्ने कार्यको शुरुवात गरिनेछ ।

२९०. शहर उन्मुख बजारहरुमा ट्र्याक्टर वा ट्रिपरबाट फाहोरमैला संकलन गरी उचित व्यवस्थापन गर्ने कार्यको थालनी गरिनेछ ।

## (घ) पूर्वाधार विकास नीति

**सडक**

२९१. सडक गुरु योजना पूर्ण रुपमा कार्यान्वयमा ल्याईनेछ । सडक गुरुयोजना अनुसार सडकको नयाँ ट्र्याक खोल्ने, सडक निर्माण र सडकको वर्गीकरणको क्षेत्राधिकार भित्र अन्य संरचना निर्माण नगर्ने नीति लागू गरिनेछ ।

२९२. भौतिक पूर्वाधाहरुको गुणस्तर सुनिश्चितता गराउने व्यवस्था गरिनेछ । सडक हेरालुको व्यवस्था गरि निरन्तर रुपमा मर्मत सम्भार गरिनेछ ।सडक ट्र्याक खोल्न नसकिने स्थानहरुमा पदमार्गको व्यवस्था मिलाईनेछ ।

२९३. मर्मत सम्भार कोषमा बजेटको व्यवस्थापन गरिनेछ । सडक मर्मत तथा निर्माण गर्दा बायोईन्जिनियरिङ सहितको व्यवस्था गरिनेछ ।

२९४. भवन निर्माण क्षेत्रमा एकरुपता ल्याई व्यवस्थित बनाउन स्थानीय मौलिकता र वास्तुकला संरक्षणमा जोड दिँदै स्थानीय सरकारबाट निर्माण हुने सम्पूर्ण सरकारी भवनहरुको निर्माणमा एकद्धार प्रणाली लागु गरिनेछ ।

२९५. बनिसकेका सडकको स्तरोन्नती, सफाइ तथा बाह्रैमास संचालन गर्न सक्ने गरी बनाउने तर्फ केन्द्रित गरिनेछ ।

२९६. सडक, पूर्वाधार निर्माणमा दक्ष जनशक्ति निर्माण गर्न दक्ष डकर्मी तालिम लिएका दक्ष जनशक्तिलाई प्राथमिकतामा राखी काममा लगाउनु पर्ने अनिवार्य व्यवस्था गरिनेछ।

२९७. गाँउपालिकाबाट हुने सबै प्रकारका निर्माण ठेक्का कार्तिक मसान्त भित्र हुने गरी तयारी गरिनेछ । निर्माण कार्यको गुणस्तरलाई बृद्धि गर्न न्यूनतम परीक्षण कार्य (ल्याव परीक्षण) गाँउपालिका भित्रै हुने व्यवस्था मिलाइनेछ ।

२९८. संघ, प्रदेश सरकारसँगको साझेदारी र समन्वयमा प्रत्येक वडा कार्यालय केन्द्र जाने बाटो कालो पत्रे तथा अन्य बाटोहरुको बाह्रै महिना चल्ने गरि स्तरोन्नती गरिनेछ ।

## सिंचाई

२९९. वृहत सिंचाई योजनाका लागि सम्भाव्यता अध्ययन, डि.पि.आर. तयारी र निर्माणका लागि संघ र प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

३००. एक घर एक पोखरी कार्यक्रमलाई प्रभावकारी रुपमा निरन्तरता दिईनेछ ।कृषियोग्य जमिनमा बाह्रैमास सिंचाईको व्यवस्था मिलाउन प्रयास गरिनेछ ।

३०१. भूउपयोग योजना कार्यान्वयमा ल्याई सोही बमोजिम सिंचाईको व्यवस्था गरिनेछ ।

३०२. करेसाबारी सिंचाई, एक पोखरी एक घर तरकारीमा आत्मनिर्भरका साथै पोखरी निर्माणमा ५० प्रतिशत अनुदान उपलब्ध गराईने छ । साथै साना सिंचाईलाई मागमा आधारित बनाई लागत साझेदारीमा मर्मत सम्भार गर्ने व्यवस्था मिलाईनेछ ।

३०३. फिक्कल गाउँपालिका भित्र निर्माणाधीन र मर्मत संम्भार गर्नु पर्ने सम्पूर्ण लिफट सिंचाई आयोजनालाई निर्माण सम्पन्न र मर्मत संभार गरि पूर्ण रुपमा संचालनमा ल्याईनेछ ।

३०४. खेति योग्य जमिनमा सिंचाईको लागि कुलो तथा नहरको व्यवस्था गरिनेछ ।

## भवन तथा सहरी विकास

३०५. आगामी आ.व. मा गाउँपालिकाको भवन संहिता तयार गरी लागु गरिने छ । राष्ट्रिय भवन आचारसंहिता तथा भवन निर्माण सम्बन्धी कानून अनुसार गाउँपालिका भित्र निर्माण गरिने सम्पूर्ण भवनको घरनक्सा पास गर्ने अनिवार्य व्यवस्था गरिनेछ । गाउँपालिका भित्रको घरहरुको अभिलेखीकरण कार्यलाई विशेष प्रथामिकता साथ संचालन गरि आगामी आर्थिक वर्ष भित्र सम्पन्न गरिनेछ ।

३०६. भवन निर्माण क्षेत्रमा एकरुपता ल्याई व्यवस्थित बनाउन स्थानीय मौलिकता र वास्तुकला संरक्षणमा जोड दिँदै स्थानीय सरकारबाट निर्माण हुने सम्पूर्ण सरकारी भवनहरुको निर्माणमा एकद्धार प्रणाली लागु गरिनेछ ।

३०७. गाउँपालिका भित्र निर्माण गरिने सबै प्रकारका पक्की भवनहरुलाई अनुगमन गरि सुरक्षित आवासमा जोड दिइनेछ ।

३०८. सरकारी भवन निर्माण गर्दा भवनलाइ सुरक्षित व्यवस्थित र अपाङ्गमैत्री वनाउने ।

३०९. सरकारी र सार्वजनिक भवनका लागि स्थानीय सामाग्रीको प्राथमिकता र कलरकोड तोक्ने ।

३१०. व्यवस्थित शहरी विकासका पूर्वाधार निर्माण गर्दा सघ र प्रदेश सरकार सग समन्वय गरिनेछ।

३११. भूउपयोगी नीति तयार गरि लागु गरिनेछ ।

३१२. नयाँ सहरोन्मुख बस्तिको पहिचान गरी सहरीकरणको लागि सम्भाव्यता अध्ययन गरी विस्तृत योजना बनाईने छ ।

**व्यवस्थित वस्ती विकास**

३१३. एकीकृत जग्गा विकास योजना तयार गर्न पहल गरी भूमिलाई आवास क्षेत्र, औधोगिक क्षेत्र, कृषि क्षेत्र, वन क्षेत्र, सिमसार क्षेत्रमा विभाजन गरी सोही अनुरुप भू-उपयोग गर्ने नीति लिईने छ ।

३१४. विभिन्न धार्मिक, सास्कृतिक तथा ऐतिहासिक महत्वका स्थान तथा सम्पदाहरुको मौलिक तथा प्राचिन नामहरुको खोजी गरी तिनको पुनःर्स्थापना गर्ने, आधिकारिक नामाकरण हुन बाँकी टोल, बस्ती, सडक मार्ग, चोक, भवन, स्मारकहरुको नामाकरण गर्ने र अन्य निकायबाट नामाकरण गर्दा गाउँपालिकाको स्वीकृति लिनु पर्ने व्यवस्था मिलाईनेछ ।

**विद्युत तथा वैकल्पिक उर्जाः**

३१५. गाउँपालिका क्षेत्र भित्र रहेका मुख्य मुख्य वस्ति तथा सार्वजनिक स्थलहरुमा सडक बत्ती जडान कार्यलाई तीव्रता दिईनेछ ।

३१६. गाउँपालिका भित्र विद्युतीकरण हुन बाँकी रहेका क्षेत्रमा विद्युत पुर्‍याउनको लागि विशेष पहल गरिनेछ ।

३१७. गाउँपालिका क्षेत्रभित्र सुधारिएको चुलोलाई नमूनाको रुपमा कार्यान्वयन प्रारम्भ गरिनेछ ।

**(ङ) संस्थागत विकास, सेवा प्रवाह तथा वित्तीय सुशासनः**

३१८. गाउँपालिकाको कार्य प्रकृति, कार्यबोझ औचित्यको आधारमा आवश्यक पर्ने जनशक्ति आँकलन गरी कार्य विवरण तथा कार्य विश्लेषणका आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरि समयानुकुल बनाईनेछ । अत्यावश्यक पदमा लोक सेवा आयोगबाट क्षमतावान जनशक्ति पदपूर्तिका लागि अनुरोध गरिनेछ।

३१९. सेवाग्राहीलाई कार्यालयबाट प्रवाह गरिने सेवा लिँदा हुने झन्झटबाट मुक्त गर्न एकद्धार प्रणालीद्धारा सेवा प्रवाह गरिने व्यवस्था मिलाईनेछ ।

३२०. कर्मचारीहरुको मनोवल उच्च राख्न थप प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।

३२१. एकीकृत घुम्ति सेवा शिविरलाई निरन्तरता गरिनेछ ।

३२२. गाउँपालिकामा कार्यरत अस्थायी सेवा करारमा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गरिने छ ।

३२३. कर्मचारीहरुको मनोवल उच्च राख्न कार्यसम्पादनमा आधारित सूचकहरु निर्धारण गरी सूचकको आधारमा शुरु तलव स्केलको बढिमा २५ प्रतिशतसम्म थप सुविधा उपलव्ध गराउने गरी सम्भाव्यता अध्ययन गरिनेछ। प्रतिवेदन अनुसार गाँउपालिकाको आर्थिक क्षमताले पुगेमा कार्यान्वयन समेत गरिनेछ ।

३२४. पदाधिकारी र कर्मचारीहरुको क्षमता अभिबृद्धिका लागि तालिम आवश्यकता पहिचान गरी आवश्यकता र औचित्यताको आधारमा व्यवस्था मिलाईनेछ ।

३२५. कर्मचारीहरुको मनोवल उच्च राख्न कार्यसम्पादन मुल्याकनको आधारमा उत्कृष्ट घोषणा गरी पुरस्कृत गरिने छ ।

## आर्थिक सुशासन वित्तीय सुशासन

३२६. गाँउपालिकाको स्वीकृत खर्च शीर्षकमा भएका विभिन्न बिलबिजकहरुको वास्तविकता र यथार्थता पत्ता लगाई जनमानसमा विश्वसनीयता बृद्धि गर्न स्वतन्त्र निकाय, संस्थाद्धारा परीक्षण गर्ने गरी सामाजिक परीक्षणको शुरुवात गरिनेछ ।

३२७. आन्तरिक राजस्वलाई वढोत्तरी गर्न करका विभिन्न सम्भाव्य क्षेत्रहरुको पहिचान एवं राजश्व सुधार योजना अधावधिक गरि कार्यान्वयन गरिने छ । आम करदातालाई करको दायरामा ल्याउन कर साक्षरता अभियान संचालन गरिने छ ।

३२८. जनप्रतिनिधि, कर्मचारी समेतलाई सार्वजनिक खरिदका कानूनी पक्रिया, व्यवहारिक विषय लगायतका विषयमा सघन प्रशिक्षण कार्यक्रमको व्यवस्था मिलाइनेछ ।

३२९. महालेखा परीक्षकले औंलाएका बेरुजु घटाउन र लगत कट्टा गर्न अभियानको रुपमा प्रकृया अगाडी बढाईने छ। असुल हुन नसकेको हकमा कुमारीचोक तथा केन्द्रिय दहसिल कार्यालय मार्फत लगत कट्टा गरिने छ ।साथै आगामी आर्थिक वर्षमा बेरुजु शुन्य गर्न आवश्यक प्रशिक्षण कानूनी सुझाव तथा क्षमता अभिवृद्धि कार्य गरिनेछ ।

३३०. आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी सोही बमोजिम फजुल खर्च हटाउने, प्रशासनिक खर्च घटाउने, खर्चलाई नतिजा र उपलब्धि सँग आवद्धता गरिने तथा सार्वजनिकीकरण गरिने कार्यलाई विशेष प्राथमिकता दिइनेछ ।

३३१. गाउँपालिका भित्र संचालित विकास निर्माण तथा सबै कार्यक्रमको नियमित अनुगमन गर्ने, मासिक समीक्षा गर्ने, भए गरेको कार्यहरुको आयोजना स्थल, वडास्तर र गाउँपालिका स्तरमा आवधिक रुपमा सार्वजनिक सुनुवाई, सार्वजनिक लेखापरीक्षण गरिने व्यववस्था मिलाइनेछ। सार्वजनिक सुनुवाई प्रतिवेदनलाई सार्वजनिकीकरण गरी उठेका विषयबस्तुलाई यथासम्भव सुधार गर्ने व्यवस्था मिलाइनेछ ।

३३२. गाउँपालिका र अन्तर्गतका वडा र स्वास्थ्य संस्थाहरुले गरेका खर्चको विश्वसनीयता, औचित्यता र प्रभावकारीता समेतको परीक्षण गर्न तेस्रो पक्षबाट (स्वतन्त्र संस्था वा निकाय)सामाजिक परीक्षणको व्यवस्था मिलाईनेछ र त्यस्तो परीक्षण प्रतिवेदन सार्वजनिकीकरण गरिनेछ ।

**सूचना, प्रविधि तथा संचार**

३३३. आगामी आर्थिक वर्षभित्र गाउँपालिकाभित्रका सबै वडा कार्यलयहरु, विद्यालयहरु, स्वास्थ्य चौकीहरु तथा अन्य सार्वजनिक कार्यालयहरुलाई दिगो रुपमा इन्टरनेटयुक्त प्रणालीमा लागू गरिने छ साथै सार्वजनिक स्थानहरुमा फ्रि वाईफाई जोन स्थापना गरिने छ।

३३४. दुरसञ्चार शिक्षा प्रविधिमैत्री अनुगमन तथा अनलाईन मार्फत सेवा प्रवाह गरिने व्यवस्थाको सुरुवात गरिनेछ।

३३५. फिक्कल गाउँपालिकाको मोवाइल एप्सवाट आगामी आर्थिक वर्ष नमूनाको रुपमा केही सेवा प्रवाह अनलाईन मार्फत उपलव्ध गराउने गरी तयारी गरिनेछ ।

३३६. गाउँपालिकाको आफ्नै सरवर स्थापना गरेर तथ्याङ्क एकीकृत रुपमा राख्ने कार्यको लागि अन्य निकायसँग सहकार्य सहयोगमा स्थापना गरिनेछ ।

३३७. गाँउपालिका भित्र हुने सबै प्रकारका अनुगमन कार्यलाई प्रविधि मैत्री बनाई स्वचालित बनाउँदै लगिनेछ ।

३३८. सबै वडाहरुमा नेपाल टेलिकमको टावरको लागि नेपाल दुरसञ्चार प्राधिकरण सँग समन्वय गरी टावर निर्माण कार्य गरी गुणस्तरीय संचार सेवा उपलब्ध गराईने छ ।

३३९. गाउँपालिकाको आफ्नै फिक्कल न्युज साइटवाट गाउँपालिकावाट गरिएका क्रियाकलाप र सर्वधारणहरुको लागि सूचनाको सुविधा प्रदान हुने व्यवस्था मिलाईने छ ।

३४०. गाउँपालिकाबाट गरिने विभिन्न सन्देशमूलक कार्यक्रमहरुको नियमिति रेडियो, टेलिभिजन तथा विभिन्न सामाजिक सञ्जाल मार्फत प्रशारण गर्ने व्यवस्था गरिने छ ।

३४१. डिजिटल प्रविधिवाट नागरिकको सेवा प्रवाहको व्यवस्था मिलाइने छ। साथै नागरिकहरुलाई सूचनाको हक दिलाउनका लागि गाउँपालिकाको सूचना अधिकारी र गाउँपालिका प्रवक्ता मार्फत सूचना उपलब्ध गराईने छ ।

३४२. सार्वजनिक एवं सरकारी सम्पत्तिको अभिलेख संकलन, संरक्षण र व्यवस्थापन गरिने छ ।

३४३. गाउँपालिकाका सबै कार्यालयहरुमा सिसि टिभि जडान गरी सेवा प्रवाहलाई प्रत्यक्ष निगरानिमा राखिनेछ ।

३४४. सबै वडाहरु र गाउँपालिकको तथ्याङ्क र अभिलेखलाई अध्यावधिक गरिने छ । साथै नवीनतम प्रविधि सहितिको सूचना तथा अभिलेख प्रणालीको व्यवस्था गरिने छ ।

अन्त्यमा,

प्रस्तुत नीति तथा कार्यक्रम निर्माणमा प्रत्यक्ष एवं परोक्ष रुपमा अमूल्य सुझाव सल्लाह दिनु हुने र सहयोग पुर्याउनु हुने नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, बागमती प्रदेश सरकार, संघीय एवं प्रदेश माननीय सदस्य ज्यूहरु, बजेट तथा कार्यक्रम तर्जुमा समितिका पदाधिकारीहरु, सबै गाउँसभा सदस्यज्यूहरु, राजनीतिक दलका स्थानीय प्रमुख एवं प्रतिनिधीज्यूहरु, विषयगत समितिका पदाधिकारीहरु, विषयगत शाखाका कर्मचारीहरु, उद्योगी व्यवसायी, बुद्धिजीवि,

नागरिक समाज, संचारकर्मी लगायत सम्पूर्ण फिक्कलवासीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । प्रस्तुत नीति तथा कार्यक्रम पारित गर्न सम्पूर्ण गाउँसभा सदस्यहरुसँग सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद ।

पार्वती सुनुवार
अध्यक्ष
फिक्कल गाउँपालिका
२०८२।०३।५
खाङसाङ, सिन्धुली बागमती प्रदेश नेपाल।